# रोजगार रणनीतिक योजना

## २०८२/०८३-२०८६/०८७

## कुशे गाउँपालिका जाजरकोट

**संरक्षक**

श्री हरिचन्द्र बस्नेत, अध्यक्ष

श्री देविका कुमारी सिंह,  उपाध्यक्ष

श्री खेमराज थापा,  प्रमुख  प्रशासकीय अधिकृत

**योजना निर्माण कार्यदल**

संयोजकः श्री जितेन्द्र खड्का, रोजगार संयोजक

सदस्यः श्री भुवन आचार्य रोजगार, सहायक



**अध्यक्षको भनाइ**

कुशे गाउँपालिकाले स्थानीय जनशक्तिलाई रोजगारीमा जोड्दै आत्मनिर्भर र समृद्ध गाउँपालिका निर्माणको दिशामा ऐतिहासिक कदम चालेको छ । "स्रोतको सदुपयोग, सीपको सम्मान, समृद्ध कुशे बनाउने जनताको अभियान" भन्ने दूरदृष्टिको आधारमा यो रोजगार रणनीतिक योजना तयार पारिएको छ । यस रोजगार नीतिले नेपालको संविधान तथा श्रम, रोजगार र सामाजिक सुरक्षा सम्बन्धी ऐन, नीतिहरूको व्यवहारिक कार्यान्वयन गर्दै गाउँपालिकालाई रोजगारी केन्द्रित समावेशी आर्थिक विकासको नमूना बनाउने अपेक्षा राखेको छ ।

गाउँपालिकामा उपलब्ध प्राकृतिक स्रोत, कृषियोग्य जमिन, पशुपालन, वन पैदावार, लघु तथा घरेलु उद्योगको सम्भावना, पर्यटन र नवप्रवर्तनको सम्भावनालाई ध्यानमा राखी यो योजना तयार गरिएको हो । विशेषगरी युवा, महिला, दलित, पिछडिएको वर्ग तथा अपांगता भएका व्यक्तिहरूलाई समेट्ने गरि समावेशी दृष्टिकोणबाट रोजगार सिर्जना गर्ने उद्देश्य राखिएको छ ।

यस योजनाले सीपमूलक तालिम, प्राविधिक शिक्षाको प्रवर्द्धन, उद्यमशीलता विकास, स्टार्टअप प्रोत्साहन, विप्रेषणमा आधारित सीप हस्तान्तरण जस्ता रणनीतिहरू समेटेको छ । पाँचवटा रणनीतिक स्तम्भ, SMART लक्ष्य र विस्तृत कार्ययोजनाको माध्यमबाट हाम्रा युवाहरू विदेशिनु नपर्ने वातावरण निर्माण गर्ने हाम्रो अठोट हो । वैदेशिक रोजगारीबाट फर्किएका युवाको सीपलाई स्थानीय रोजगारी सिर्जनामा रूपान्तरण गर्नसमेत योजना केन्द्रित छ ।

यो योजना कार्यान्वयन गर्न गाउँपालिका एक्लै सक्षम छैन । संघीय, प्रदेश सरकार, निजी क्षेत्र, सहकारी, गैरसरकारी संस्था र स्थानीय समुदायको सहकार्य अपरिहार्य छ । स्रोत परिचालन, बजेट विनियोजन, पारदर्शी अनुगमन र जोखिम व्यवस्थापनका संयन्त्रहरू सुनिश्चित गर्दै यस योजनालाई सफल बनाउन सबै पक्षको पारस्परिक सहयोग अत्यन्त जरुरी छ ।

हामीलाई विश्वास छ, यो योजनाले कुशे गाउँपालिकाका युवाहरूको सम्भावनालाई उजागर गर्दै गाउँमै रोजगारी सृजना, आर्थिक सशक्तिकरण मार्फत समृद्धिको मार्ग खोल्नेछ । हामी सबैको ऐक्यबद्धता, सहकार्य र दिगो सोच नै यस योजनाको मेरुदण्ड हो । समृद्ध कुशे निर्माण हाम्रो साझा सपना हो । यसलाई साकार पार्न सबैलाई हार्दिक आह्वान गर्दछु ।

धन्यबाद् ।

हरिचन्द्र बस्नेत
गाउँपालिका अध्यक्ष
कुशे गाउँपालिका, जाजरकोट



**उपाध्यक्षको भनाइ**

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय तहको प्रमुख जिम्मेवारी स्थानीय जनशक्तिको सदुपयोग गर्दै दीगो, समावेशी र आत्मनिर्भर आर्थिक संरचना निर्माण गर्नु हो। कुशे गाउँपालिकाले यस उद्देश्यलाई आत्मसात गर्दै रोजगार रणनीतिक योजना तयार पारेको छ। यसले हाम्रो गाउँपालिकाका युवा, महिला, दलित, विपन्न र पछाडि पारिएका वर्गलाई रोजगारीका अवसरहरू सिर्जना मात्र नगरि उत्पादनमुखी स्थानीय अर्थतन्त्र निर्माणको आधार समेत बन्नेछ।

गाउँपालिकामा परम्परागत रूपमा प्रयोगविहीन रहेका कृषि, पशुपालन, वनजन्य स्रोत, जडीबुटी, घरेलु उद्योग, साना तथा मझौला उद्योग, पर्यटन र सीपलाई व्यवस्थित गर्दै रोजगारीको स्थायी स्रोतमा रूपान्तरण गर्नु आजको आवश्यकता हो। हाम्रो योजना त्यसैको प्रतिविम्ब हो जहाँ श्रमको सम्मान, सीपको प्रवर्द्धन, र नवप्रवर्तनको प्रोत्साहन हुनेछ।

महिलाहरूको सहभागितालाई रोजगार रणनीतिक योजनाले केन्द्रमा राखेको छ। महिला उद्यमशीलता, घरेलु उद्योग, हस्तकला, सीपमूलक तालिम, वित्तीय पहुँच, सहकारीसँग सहकार्य जस्ता कार्यक्रममार्फत महिलालाई आत्मनिर्भर बनाउन योजना केन्द्रित छ। महिलाहरू घरभित्र मात्र सीमित रहने होइन, समाजमा नेतृत्व गर्ने क्षमता बोकेका परिवर्तनकर्ता पनि हुन् भन्ने दृष्टिकोणसहित समावेशी रोजगार कार्यक्रम सञ्चालन गरिनेछ।

युवाहरूलाई स्वदेशमै अवसर खोज्न सक्ने वातावरण सिर्जना गर्नु आजको आवश्यकता हो। वैदेशिक रोजगारीले ल्याउने समस्याहरुमा परिवार विखण्डन, युवाको देश निर्माणमा भूमिका नहुनु र सामाजिक असरलाई सम्बोधन गर्दै, गाउँमै स्टार्टअप, नवप्रवर्तन, स्वरोजगार र सीपमा आधारित उद्यमशीलतालाई प्रवर्द्धन गर्ने गरि तयार गरिएको यो रोजगार रणनीतिक योजनाको सफल कार्यान्वयन गर्न सकियो भने मात्र पालिका समृद्धिको लक्ष्य पूरा हुने छ।

गाउँपालिकाले यस योजनालाई कार्यान्वयन गर्न आवश्यक स्रोत, संरचना, साझेदारी र अनुगमन प्रणालीको व्यवस्था मिलाउनेछ। उपाध्यक्षको हैसियतले विशेषगरी योजना कार्यान्वयन, समन्वय, अनुगमन र समावेशीताको सुनिश्चिततामा मेरो सक्रिय भूमिका रहनेछ। त्यसका लागि प्रत्येक वडाका नागरिक, युवाहरू, महिलाहरू, सरोकारवाला निकाय र नीति निर्माणकर्ताको सामूहिक प्रयास अपरिहार्य छ। यो योजना सबैका लागि हो, सबैसँग मिलेर बनाइएको हो र सबैका लागि सफल बनाइनुपर्ने हो। यस योजनाको प्रभावकारी कार्यान्वयनमार्फत हामी आत्मनिर्भर, समावेशी र सशक्त गाउँपालिका निर्माणको दिशामा एक कदम अगाडि बढ्नेछौं। योजना निर्माणको क्रममा प्रत्यक्ष/अप्रत्यक्ष सहयोग पुऱ्याउनु हुने सबै पक्ष प्रति हार्दिक आभार व्यक्त गर्दछु।

धन्यबाद्।

देवीका कुमारी सिंह
उपाध्यक्ष
कुशे गाउँपालिका, जाजरकोट



**प्रमुख प्रशासकीय अधिकृतको भनाइ**

स्थानीय तहको प्रभावकारी प्रशासनिक नेतृत्वले विकास, समावेशीता र रोजगारी सिर्जनामा महत्वपूर्ण भूमिका खेल्छ। कुशे गाउँपालिकाले तयार पारेको यो रोजगार रणनीतिक योजना, स्थानीय सन्दर्भ, स्रोत र आवश्यकतालाई आत्मसात गर्दै दीर्घकालीन सोचसहित बनाइएको एक महत्वपूर्ण नीतिगत दस्तावेज हो । संविधान प्रदत्त रोजगारीको हकलाई व्यवहारमा उतार्ने, श्रम बजारलाई सशक्त बनाउने र आत्मनिर्भर गाउँपालिकातर्फ उन्मुख हुने लक्ष्य पूरा गर्न यो रोजगार रणनीतिक योजनाले महत्वपूर्ण योगदान पुऱ्याउने छ।

प्रशासनिक दृष्टिकोणबाट हेर्दा, योजनाको सफल कार्यान्वयनका लागि स्पष्ट रणनीति, कार्यनीति, बजेट व्यवस्थापन, साझेदारी संरचना, अनुगमन संयन्त्र र जोखिम व्यवस्थापन अपरिहार्य हुन्छन्। यस योजनाले ती सबै पक्षहरूलाई SMART लक्ष्यसहित समेटेको छ जसले योजना कार्यान्वयन, मूल्यांकन र अनुगमनलाई व्यवस्थित गर्न सहयोग पुऱ्याउनेछ । यसका साथै गाउँपालिकाको सशक्त प्रशासनको माध्यमबाट जनशक्तिको अभिलेख व्यवस्थापन, सीप आधारित तालिमको परिचालन, रोजगार प्रदायकसँगको समन्वय र युवा तथा महिला लक्षित कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। विशेषगरी वैदेशिक रोजगारीबाट फर्केका श्रमिकहरूको सीप परिचालन, स्थानीय स्रोतको व्यवसायिक सदुपयोग, उद्यमशीलताको प्रवर्द्धन तथा सामाजिक समावेशीताको विस्तार प्रशासनको प्रमुख प्राथमिकता हुनेछ।

यस योजनाको सफल कार्यान्वयनका लागि स्थानीय जनप्रतिनिधि, कर्मचारी, संघीय तथा प्रदेश सरकार, साझेदार संस्थाहरू, निजी क्षेत्र, सहकारी, जनसमुदाय र विशेषगरी हाम्रा युवाहरू सबैको सहकार्य आवश्यक छ। यो योजना नीतिमा मात्र सिमित नरहोस्, कार्यान्वयनमै परिणाममुखी बनोस् भन्ने मेरो प्रतिबद्धता छ र यसका लागि जनप्रतिनिधिज्यूहरुले बजेट व्यवस्थापनमा र प्रशासनिक संयन्त्रले कार्यान्वयनको क्षेत्रमा योगदान दिनु जरुरी छ। स्रोत परिचालन तथा नियमित समीक्षा प्रक्रियालाई गतिशील बनाउँदै कुशेबासीहरुको पारस्परिक सहकार्यमा यो रोजगार रणनीतिक योजनाले राखेका लक्ष्य पूरा हुने कुरामा म विश्वस्त छु।

अन्त्यमा, यो योजना निर्माणमा प्रत्यक्ष तथा परोक्ष रूपमा संलग्न गाउँपालिका अध्यक्षज्यू, उपाध्यक्षज्यू, वडाध्यक्षहरू, कर्मचारी वर्ग, नागरिक समाज, सीप प्रदायक संस्था, युवा, महिला समूह, गैरसरकारी संस्थाहरू र सुझाव दिनु भएका सबै विज्ञ तथा सरोकारवालाहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु।

सहकार्य, प्रतिबद्धता र समर्पणका साथ अघि बढौँ समावेशी, सशक्त र समृद्ध कुशे गाउँपालिका निर्माण गरौँ।

धन्यबाद्।

खेमराज थापा
प्रमुख प्रशासकीय अधिकृत
कुशे गाउँपालिका, जाजरकोट



रोजगार संयोजक

सरकारले तय गरेको 'उत्पादन र रोजगारीका लागि साझेदारी' कार्यक्रमको अवधारणालाई स्थानीयकरण गर्न सकेमा स्थानीय तहमा रोजगारी सृजना, आर्थिक समृद्धि हासिल गर्नका लागि निकै मजबुत आधार तय गर्न सकिन्छ । विभिन्न निकाय र बिषयगत शाखा कार्यालयमा रहेका उत्पादन र रोजगारी सृजनासँग सम्बन्धित कार्यक्रमलाई एकअर्काको परिपूरक हुने गरी सम्भाव्यताका आधारमा एकीकृत रूपमा कार्यान्वयन गर्न स्पष्ट नीगित ब्यवस्थाको अभाव रहेको अवस्थामा यस स्थानीय रणनीतिक योजना एक महत्वपूर्ण दस्तावेजको रुपमा रहेको छ । सार्वजनिक नीजि क्षेत्रको सहकार्य, सहलगानी वा समन्वयको संरचना तयार गर्न, निजी पुँजी आकर्षित गर्न निश्चित बिषयगत योजना तथा कार्यक्रमको अभाव रहेको अवस्थामा यस रणनीतिक योजना तर्जूमाले आशाको दियो जगाउन खोजेको आभाष भएको छ । कृषि र उद्योग तथा अन्य क्षेत्रका उत्पादन, उपभोग र रोजगारी वृद्धिसँग सम्बन्धित कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गर्नका लागि संस्थागत संरचना, रणनीतिक योजनाको अभाव र स्पष्ट सोंच, परिकल्पना र ध्येयको अभाव रहेको अवस्थामा प्रधानमन्त्री रोजगार कार्यक्रमको आर्थिक सहयोगमा यो रणनीतिक योजनाको तर्जुमा गरिएको हो । कृषि, पर्यटन, उद्योग, शिक्षा, निर्माण, उत्पादन, सूचना प्रविधी, जलश्रोत तथा उर्जा क्षेत्र लगायतका रोजगारी र समग्र उत्पादनलाई प्रभावित गर्ने बहुआयामिक क्षेत्रलाई समेटेर निर्माण गरिएको यस रणनीतिक योजनाले विभिन्न कार्यक्रमहरुको तर्जुमा गरिएका छन् । यसले मुख्यत उद्यमशीलता र नवप्रवर्तनलाई प्रोत्साहित गर्न सहयोग पुर्याउने कार्यक्रम कार्यान्वयनमा जोड दिएको छ । गाऊँपालिकाबाट खर्च हुने सिपमूलक तालिमलाई उद्यमशीलता विकास र स्वरोजगार / स्वरोजगार प्रवद्र्धन हुने गरी कार्यान्वयमा समन्वय स्थापित गरिनुपर्ने, आन्तरिक जनश्रमको परिचालनमा जोड दिइनुपर्ने तर्फ यस रणनीतिक योजनाले जोड दिएको छ । वैदेशिक रोजगारीबाट फर्केका रिटर्नीहरुको उद्यमशीलता विकास गरी स्थानीय तहमा लघु, घरेलु तथा साना उद्योगको प्रवर्धन र स्तरोन्नतिका उपायहरुलाई पहिचान गर्दै नवप्रबर्धन, रैथाने तथा परम्परागत सिप र पेसामा आधारित उद्यम प्रवर्धन तथा बजारिकरणलाई स्पष्ट मार्गनिर्देश गरेको छ । नागरिकहरुलाई उत्पादन र प्रतिफलमूलक रोजगारीका अवसरहरू उपलब्ध गराउने, नीति निर्माण प्रक्रिया र पहलहरुमा रोजगारका उद्देश्यहरुको समायोजन र प्राथमिकीकरण.गर्ने, स्थानीय सरकार, सामाजिक साझेदारहरु तथा सरोकारवालाहरुबीच प्रभावकारी समन्वय र साझेदारी गर्ने, लगानीमैत्री सकारात्मक वातावरणको विकास गर्ने, सरोकारवालाहरुको क्षमता विकास तथा रोजगारसम्बन्धी सचेतना अभिवृद्धि मार्फत रोजगारसँग सम्बन्धित नीति र कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्ने, उपलब्ध जनश्रम शक्तिलाई प्रतिष्पर्धी बनाउदै सक्षम श्रमबजारको माध्यमद्वारा उत्पादनशिल, मर्यादित एवं सुरक्षित रोजगारीमा संलग्न गराई स्थानीयका अर्थतन्त्रलाई सवल र गतिशील बनाउदै गरिवी निवारणमा योगदान पुर्‍याउने, बैदेशिक रोजगारीबाट प्राप्त हुने आयलाई रोजगारमुलक र आर्थिक समृद्धिको बाटोतर्फ पुनर्निदेशित गर्ने र उर्जाशिल युवा परिचालन गराई उत्पादनशील रोजगारी अभिवृद्धि गर्ने लक्ष्यका साथ यो ५ बर्षे रणनीतिक योजना तयार गरि लागु गरिएको हो ।

अनौपचारिक रोजगारलाई क्रमशः औपचारिक पद्धतिमा रुपान्तरण गर्दै रोजगारको गुणस्तरमा सुधार ल्याउने, श्रम बजारको आवश्यकता अनुसारको प्रतिफलमुखी ज्ञान र सीपमा आधारित श्रम शक्ति तयार पार्न उपयुक्त अवसरहरु सिर्जना गर्ने, रोजगार सेवा केन्द्रको संस्थागत स्थायित्व, कार्यविवरणलाई परिमार्जन सहित थप प्रभावकारी र रोजगार सूचना विनिमय केन्द्रका रुपमा विकास गर्न समेत सिफारिस गरेको देखिन्छ । यस योजनालाई केवल दस्तावेजको रुपमा मात्र सुरक्षित नराखी बार्षिक योजना तर्जुमाको बखत यस योजनामा निर्धारित लक्ष्य, उद्धेष्य रणनीतिलाई समेत आत्मसात गर्दै भावी योजना तथा नीतिहरु निर्माण हुन सकेमा मात्र यस योजना निर्माणले सार्थकता पाउने देखिन्छ र गाउँपालिकाको समृद्धिको सपना पूरा गर्न सहायक शिद्ध हुनेछ । यस योजना निर्माणको कार्यमा सहयोग गर्नुहुने गाऊँपालिका अध्यक्षज्यू, उपाध्यक्षज्यू लगायत कार्यपालिकाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत, सहकर्मी कर्मचारी मित्रहरु, विभिन्न सहकारी तथा स्थानीय संघसंस्था तथा नागरिक समाजका प्रतिनिधीहरु प्रति हार्दिक आधार ब्यक्त गर्दछु । धन्यवाद् ।

जितेन्द्र खड्का<br>
रोजगार संयोजक<br>
कुशे गाऊँपालिका, जाजरकोट

# Table of Contents


कार्यकारी सारांश ........ १
खण्ड-१ रणनैतिक सन्दर्भ (Strategic Context) ........ २
१. पृष्ठभूमि ........ २
२. रोजगार रणनीतिको आवश्यकता/औचित्य ........ ३
३. अध्ययन पद्धति ........ ४
४. क्षेत्र ........ ४
५. सीमा ........ ४
खण्ड-२ वर्तमान अवस्थाको विश्लेषण (Current Situation Analysis) ........ ५
२.१ जनसंख्याको अवस्था ........ ५
२.२ आर्थिक क्षेत्रको विश्लेषण ........ ७
२.३ गाउँपालिकामा रहेका उद्योग, प्रतिष्ठान तथा रोजगारदाताहरुको विवरण ........ १०
२.४ गाउँपालिकाको वैदेशिक रोजगारीमा भएका युवाहरुको विवरण ........ १७
२.५ गाउँपालिकाको सामाजिक अवस्थाको विश्लेषण ........ १९
खण्ड-३ रणनैतिक विश्लेषण (Strategic Analysis) ........ २०
३.१ बाह्य वातावरणको विश्लेषण ........ २०
३.२ आन्तरिक विश्लेषण ........ २१
खण्ड-४ रणनैतिक सवालहरू (Strategic Issues) ........ २१
खण्ड-५ दुरदृष्टि, ध्येय र उद्धेश्य (long-term Vision, Mission and Objectives) ........ २३
५.१ दूरदृष्टि ........ २३
५.२ ध्येय ........ २३
५.३ उद्देश्यहरु ........ २३
खण्ड-६ रणनैतिक लक्ष्यहरू (Strategies goals) ........ २४
खण्ड-७ रणनैतिक स्तम्भ/प्रमुख रणनीतिहरु (Major Strategies) ........ २४
खण्ड-८ पाँच वर्षको रणनैतिक कार्ययोजना (Strategic Action Plan ) ........ २५
८.१ स्थानीय तहको रोजगार रणनीति कार्यान्वयन कार्ययोजना ........ २५
८.२ रोगार रणनीतिक योजनाको परिमाणात्मक लक्ष्य ........ २९
खण्ड-९ श्रोत परिचालन र बजेट व्यवस्थापन (Resource Mobilizations and Budget Management) ........ ३१
९.१ स्रोत परिचालनको खाका ........ ३१
९.२ बजेट व्यवस्थापन योजना ........ ३१
खण्ड-१० रणनीतिक योजनाको निर्देशक समिति, अनुगमन र मूल्यांकन सम्बन्धी व्यवस्था (Steering Committee, Monitoring and Evaluation) ........ ३२

१०.१ रणनीतिक योजना कार्यान्वयका लागि निर्देशक समिति ........ ३२

१०.२ अनुगमन तथा मूल्याङ्कन प्रणालीको संरचना ........ ३२

खण्ड-११ जोखिम व्यवस्थापन (Risk Management) ........ ३२

अनुसूचीहरु ........ ३४

## कार्यकारी सारांश

कुशे गाउँपालिकाले नेपालको संविधान, श्रम ऐन, रोजगार सम्बन्धि ऐन तथा नियमावली लगायत रोजगार सम्बन्धी नीति तथा कानुनी प्रावधानहरूको व्यवहारिक कार्यान्वयन गर्दै कुशे गाउँपालिकाबासीहरुलाई स्थानीय स्थानीय स्रोतको सदुपयोग मार्फत विभिन्न प्रकारका रोजगारीका अवसरहरूमा जोड्ने उद्देश्यले रोजगार रणनीतिक योजना तयार पारेको छ। यस रणनीतिक योजनाले नेपालको संविधानको धारा ३३ र ३४ मा उल्लेख गरिएका रोजगारीको हक र श्रम बजारमा सहभागिताको अधिकारलाई सुनिश्चित गर्दै समावेशी, मर्यादित, सुरक्षित र सीपयुक्त रोजगारी सृजनालाई लक्षित गरेको छ। यो रोजगार रणनीतिक योजना साना तथा मझौला उद्योग, कृषि, पशुपालन, पर्यटन, शिक्षा, स्वास्थ्य, यातायात जस्ता प्राथमिक क्षेत्रमा रोजगारीको अवसर सृजनाका लागि स्रोतको अधिकतम उपयोग र श्रमशक्तिको परिचालनमा केन्द्रित छ।

स्थानीय जनशक्ति, विशेषगरी युवा र महिला वर्ग वैदेशिक रोजगारको भरमा रहेको अवस्थामा, कुशे गाउँपालिकाको दीर्घकालीन सोचले आन्तरिक रोजगारी सिर्जना र उद्यमशीलता प्रवर्द्धनमा ध्यान दिएको छ। रणनीतिक योजना साना तथा मझौला उद्योग प्रवर्द्धन, सीप विकास तथा प्राविधिक शिक्षा, समावेशी रोजगारी पहुँच, र नवप्रवर्तन एवं स्टार्टअप प्रवर्द्धन गरि चारवटा स्तम्भमा आधारित छ। प्रत्येक स्तम्भमा रणनीति, कार्यनीति र कार्ययोजना SMART सूचकसहित विकास गरिएका छन् जसले लक्ष्य अनुसारको कार्यसम्पादन र अनुगमन सम्भव बनाउँने छ।

रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि स्रोत परिचालन र बजेट व्यवस्थापन अत्यन्तै महत्त्वपूर्ण पक्ष हो। यो योजनामा स्थानीय तहको आन्तरिक स्रोत, संघीय/प्रदेश सरकारको अनुदान, साझेदार संस्थाहरूको सहयोग, निजी क्षेत्र, सहकारी र समुदायको सहभागिता समावेश गरिएको छ। बजेट विनियोजन वार्षिक तथा बहुवर्षीय आधारमा SMART लक्ष्य अनुरूप गरिनेछ। पारदर्शी लेखा प्रणाली, सामाजिक लेखापरीक्षण, र सार्वजनिक संवाद मार्फत वित्तीय जवाफदेहिता कायम राखिनेछ। स्तम्भगत बजेट खाकामा कुल ६ करोड १३ लाख रुपैयाँ पाँच वर्षका लागि लागत अनुमान गरिएको छ।

रोजगारी रणनीतिका कार्यक्रमहरूको व्यवहारिक कार्यान्वयन, मूल्याङ्कन र सुधार सुनिश्चित गर्न निर्देशक समिति र मूल्याङ्कन संयन्त्र सशक्त रूपमा परिचालन गरिनेछ। निर्देशक समितिको अध्यक्षता गाउँपालिकाका अध्यक्षबाट हुनेछ भने मूल्याङ्कन कार्य गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा गठित समिति मार्फत हुनेछ। SMART सूचकका आधारमा नियमित प्रगति समीक्षा, सामाजिक लेखापरीक्षण र सुधार सिफारिस प्रणालीले रणनीतिक कार्यान्वयनलाई संस्थागत गर्नेछ।

कार्यान्वयनका क्रममा देखिने सम्भावित जोखिमहरूको पूर्व मूल्याङ्कन र न्यूनीकरणका लागि स्पष्ट कार्यविधि तयार गरिएको छ। वित्तीय अभाव, पूर्वाधारको कमजोरी, सीपयुक्त जनशक्तिको कमी, समावेशी पहुँच अभाव र प्राकृतिक प्रकोपजस्ता जोखिमहरूलाई सम्बोधन गर्न वैकल्पिक स्रोत पहिचान, जोखिम-संवेदनशील कार्ययोजना, तालिमको पूर्व तयारी, लचिलो कार्यक्रम र अनुगमन संयन्त्रको परिचालन गरिनेछ। यसरी, रणनीति कार्यान्वयनको सम्पूर्ण पाटोलाई योजनाबद्ध रूपमा संस्थागत गर्दै कुशे गाउँपालिकालाई समावेशी, आत्मनिर्भर र समृद्ध रोजगारी क्षेत्रको रूपमा स्थापित गर्ने दूरदृष्टिमा यो योजना तयार गरिएको हो।

## १. पृष्ठभूमि

स्थानीय तहले आफ्नो क्षेत्रभित्र रोजगारीका अवसरहरू विस्तार गर्दै सबै वर्ग, जातजाति, धर्म र संस्कृतिको पहिचान बोकेका नागरिकहरूलाई समावेशी रूपमा रोजगारमा जोड्न सफल भएमा नेपालको संविधान २०७२ को धारा ३३ अनुसार प्रत्येक नेपाली नागरिकलाई रोजगारीको हक सुनिश्चित गर्ने संवैधानिक दायित्व पूरा गर्न सकिनेछ । त्यसैगरी, धारा ३४ मा उल्लेखित प्रत्येक नागरिकलाई उचित श्रम बजारमा संलग्न हुने अधिकारको कार्यान्वयन पनि सशक्त रूपमा सम्भव हुनेछ । साथै, संविधानका अन्य विभिन्न धाराहरूमा उल्लेख गरिएका श्रमिकका अधिकार, श्रमको सम्मान, सामाजिक न्याय, समावेशिता, उद्यमशीलता, अनुशासन, मर्यादा र सुरक्षित श्रम वातावरणमा आधारित रोजगारी सुनिश्चित गर्ने दायित्व पनि स्थानीय तहले बहन गर्नुपर्ने हुन्छ ।

संविधान बाहेक, सरकारले श्रम र रोजगारी क्षेत्र व्यवस्थित गर्न अन्य विभिन्न नीति तथा कानूनी व्यवस्था पनि ल्याएको छ । रोजगारीको हक सम्बन्धी ऐन २०७५ को दफा ३ को उपदफा १ मा प्रत्येक नागरिकलाई रोजगारी पाउने हक हुने कुरा उल्लेख गरिएको छ भने दफा ४ को उपदफा १ मा प्रत्येक नागरिकलाई आफूले चाहेको रोजगारी छनौट गर्ने अधिकार हुने छ भनिएको छ । त्यसरी नै रोजगारीको हक सम्बन्धी नियमावलीको परिच्छेद २ को दफा ३ (क) देखि (च) सम्म नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले न्यूनतम रोजगार प्रदान गर्न रोजगार कार्यक्रम सञ्चालनका सम्बन्धमा विभिन्न व्यवस्थाहरू गरेको छ । यसअन्तर्गत वैदेशिक रोजगार ऐन २०६४, श्रम ऐन २०७४, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७५ र रोजगार ऐन २०७५ लागू गरी कार्यान्वयनमा ल्याइएको छ ।

नेपालको संविधानलाई कार्यान्वयन गर्न बनेका विभिन्न ऐन, नीति तथा कार्यविधिहरुले स्पष्टरुपमा मर्यादित रोजगारीको सृजना गर्ने, व्यवस्थित गर्ने र सुरक्षित आप्रवासनलाई समेत कार्यान्वयन गर्ने गरि अन्य नीतिगत व्यवस्था समेत गरिएको छ । श्रमिक र रोजगारदाताको अधिकारलाई सुनिश्चित गर्न नेपाल सरकारले श्रम ऐन २०७४ कार्यान्वयनमा ल्याएको छ जसको **दफा ६ को उपदफा १** ले रोजगारदाताले कुनै पनि लिङ्ग, धर्म, वर्ण, जातजाति, उत्पति, भाषा र वैचारिक आस्थाको आधारमा भेदभाव गर्न नपाइले व्यवस्था गरेको छ भने **दफा ७** ले सबैलाई समान कामको समान पारिश्रमिकको व्यवस्था गर्नु पर्ने कुरा उल्लेख गरेको छ । परिच्छेद ३ को **दफा ११** ले रोजगार सम्झौता नगरि काममा लगाउन नहुने कुरा उल्लेख गरेको छ । परिच्छेद ४ को **दफा १६** ले तालिमी वा प्रशिक्षार्थीलाई समेत काममा लगाउन सकिने र यदि काममा लगाइएको खण्डमा उचित पारिश्रमिकको व्यवस्थापन गर्नु पर्ने कुरा उल्लेख गरेको छ । परिच्छेद ७ को दफा २८ ले रोजगार प्रदायक संस्थाले श्रमिकलाई दैनिक ८ घण्टा र हप्तामा ४८ घण्टा भन्दा बढि काममा लगाउन नपाइने व्यवस्था गरेको छ । त्यसरी नै **दफा ३०** मा बढि समय काममा लगाउँदा अपनाउनु पर्ने प्रावधानहरुको विषयमा कुरा उल्लेख गरिएको छ भने दफा ३१ मा त्यसरी अतिरिक्त समय काममा लगाइएमा थप पारिश्रमिकको व्यवस्थापन गर्नु पर्ने कुरा उल्लेख गरिएको छ । परिच्छेद १० को **दफा ५४** मा औषधि उपचार बीमा गराउनु पर्ने र **दफा ५५** मा दुर्घटना बीमा गराउनु पर्ने कुरा उल्लेख गरिएको छ ।

नेपाल सरकारले तयार गरेको सोह्रौं योजनाले हालको वेरोजगारी दर ११.४ बाट ५ प्रतिशतमा झार्ने लक्ष्य लिएको छ । यसका लागि उत्पादनशिल रोजगारी, दिगो सामाजिक सुरक्षा र मर्यादित श्रमलाई रुपान्तरणकारी योजना भित्र

समेट्दै बाध्यकारी श्रमको दरलाई शुन्यमा झार्ने लक्ष्य लिएको छ। आर्थिक वृद्धि र गरिबी न्यूनीकरणको पहिलो आधार स्थानीय जनशक्तिले श्रमबजारमा उत्पादनमुखी क्षेत्रमा दिगो रोजगारी पाउनु हो । नेपाल जस्ता विकासोन्मुख राष्ट्रहरुमा आम नागरिकहरु रोजगारीका लागि भौतारिनु पर्ने अवस्थाका कारण युवा जनशक्ति विभिन्न वहानामा विदेश पलायन हुने दर बढ्दो छ। विश्व बैंक, २०२४ अनुसार क्रयशक्ति समानताको आधारमा नेपालमा प्रति व्यक्ति आय १४२० डलर मात्र छ। तथ्याङ्कीय विवरण जे जस्तोसुकै भए पनि औषत नेपालीहरु अहिले पनि दिगो रोजगारीको अभावमा मौसमी रोजगारीका लागि भारतमा र औषतमा मासिक ३० देखि ५० हजारका लागि खाडीमुलकुमा जानु पर्ने बाध्यात्मक परिस्थितिको सामना गर्नु परिरहेको छ।

## २. रोजगार रणनीतिको आवश्यकता/औचित्य

नेपालको संविधान, श्रम ऐन, रोजगार सम्बन्धि हकका ऐन र नियमावलीमा जुन सुकै कुरा उल्लेख गरिएको भएता पनि व्यवहारिक कार्यान्वयमा सुधार गर्नु पर्ने थुप्रै विषयवस्तुहरु सर्वसाधारणको जानकारीमा छैनन्। श्रमिकले रोजगारी पाउन नै कठिन भइरहेको परिस्थितिमा यी संवैधानिक तथा कानुनी प्रावधानहरुको सहि परिपालन भएको छ वा छैन भन्ने विषय पूर्णरुपमा ओझेल परेको देखिन्छ। तसर्थ स्थानीय सरकारको जिम्मेवारी भित्र यी कानुनी प्रावधानहरुको सहि कार्यान्वयन भए/नभएको एकिन गरि सुधार गर्नु पर्ने विषयवस्तुमा समेत ध्यान पुऱ्याउन सहजताका लागि रोजगार रणनीतिको आवश्यकता देखिन्छ।

एकातिर खेतीयोग्य जमिन बाँझो राख्ने अर्को तिर नियमित रोजगारीका अवसरहरु सृजना गर्न नसक्दा वर्तमान परिवेशमा गाउँपालिकाबासीहरुमा नैराश्यता  बढ्दै गएको देखिन्छ भने वर्षमा मुस्किलले ३ महिना सम्म पनि आफ्नो आम्दानीले खाना नपुग्ने घरपरिवारको संख्यामा वृद्धि हुदै गएको देखिन्छ। अर्को तर्फ जलवायु परिवर्तनका असरहरूको प्रत्यक्ष प्रभाव, समय–समयमा विभिन्न प्रकारका विपदहरूको कारण स्थानीय तहको अर्थतन्त्र झन खस्किदो अवस्थामा छ। आयात र निर्यातको चक्रलाई नियाल्ने हो भने गाउँपालिकाबाट बाहिर निर्यात गरिने वस्तु शुन्य प्राय छ। ग्रामिण समुदाय बाहिरबाट आयात गरिने उपभोग्य वस्तु माथि निर्भर हुँदा गरिबीको दर वृद्धि भइरहेको अवस्था छ। यस विषम परिस्थितिमा गाउँपालिकाले रोजगारका रणनीतिक स्तम्भहरु तयार गरि विभिन्न क्षेत्रमा स्थानीय युवा, महिला पुरुषलाई रोजगारका अवसरहरूमा जोड्नका लागि यो रोजगार रणनीतिक योजनाको आवश्यकता परेको हो।

देशको अर्थतन्त्रमा २२–२५% रेमिटेन्सले धानेको देखिन्छ जुन आफैमा गौरब गर्न लायक विषय हैन। यदि वैदेशिक रोजगारीका अवसरहरू खुम्चिदै जाने हो भने नेपालको अर्थतन्त्रमा प्रत्यक्षरुपमा प्रभाव पर्ने देखिन्छ भने वेरोजगार दर चरम उत्कर्षमा पुग्ने देखिन्छ। तसर्थ जनतासँग प्रत्यक्ष जोडिएको सरकार भएको हुँदा स्थानीय सरकारले रोजगारी सृजना हुने क्षेत्रहरूको आँकलन गरि ती क्षेत्रमा रोजगारदाताको संख्यामा वृद्धि गर्ने र रोजगारमा आवद्ध हुन चाहने जनशक्तिको सीप वृद्धि गर्दै उत्पादनमुखी क्षेत्रमा रोजगारीका अवसरहरूको पहिचान गर्नका लागि यो रोजगार रणनीतिको आवश्यकता छ। तसर्थ रोजगार रणनीतिक योजनाको औचित्यलाई तपसिलमा उल्लेखित बुँदाहरूबाट प्रष्ट पार्न सकिन्छ :

- श्रम तथा रोजगारी सम्बन्धी दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य तथा रणनीति र कार्यनीतिहरु सहितको रोजगार रणनीतिक योजना तर्जुमा गर्नका लागि,
- स्थानीय स्रोत र साधनको विश्लेषण गर्दै उक्त स्रोत साधनलाई रोजगारीमा सदुपयोग गर्न/गराउन,

- गरिबीको उच्च दर न्यूनीकरणका लागि स्थानीय जनशक्तिलाई रोजगार/स्वरोजगार बनाउनका लागि गाउँपालिकाले लिनु पर्ने आधारहरूको पहिचान गर्न र ती आधारहरूलाई प्राथमिकीकरण गरि कार्ययोजना तय गर्न,
- गाउँपालिकामा हाल रोजगार उपलब्ध गराइरहेका रोजगारदाताहरुलाई गाउँपालिकाले सहयोग गर्नु पर्ने क्षेत्रहरूको पहिचान गर्न र सहकार्यका सम्भावनाहरू पत्ता लगाउन,
- गाउँपालिकाको आन्तरिक स्रोत र समन्वय गर्न सकिने सरोकारवाला निकायहरूको आधारमा रणनीतिक स्तम्भहरूको पहिचान गरि SMART कार्य योजना तयार गर्न ।

## ३. अध्ययन पद्धति

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्वारा तयार गरिएको रोजगारी रणनीति निर्माण सम्बन्धी मार्गदर्शन, २०८० मा उपलब्ध गराइएको अनुसूची २  र अनुसूची ३ अनुसार गाउँपालिकाको रोजगार सम्बन्धी वर्तमान अवस्थाको विश्लेषण गरिएको थियो भने गाउँपालिकामा उपलब्ध द्वीतियक स्रोतहरु जस्तै आवधिक योजना, मध्यमकालीन खर्च संरचना, गाउँपालिकाका नीति तथा कार्यक्रम र बजेटहरुको विश्लषेण गरि रोजगारीका अवसरहरुको सृजना गर्ने कार्यमा गाउँपालिकाका भावि योजनाहरु के कस्ता छन भन्ने बारेमा विश्लेषण गरिएको थियो ।

यसका अतिरिक्त गाउँपालिका अध्यक्षको संयोजकत्वमा रोजगार रणनीतिक योजना तयारीका लागि अध्ययन कार्यदल गठन गरि गाउँपालिकामा रोजगारीका अवसरहरुको विषयमा अन्तरक्रियात्मक छलफल गरिएको थियो । यस कार्यदलले अनुसूची २ र अनुसूची ३ अनुसार सङ्कलन गरिएका जानकारीको आधारमा स्रोत विश्लेषण तथा योजनाहरुको प्राथमिकीकरण गर्ने कार्य गरेको थियो ।

## ४. क्षेत्र

यस गाउँपालिकाले तयार गर्ने रोजगार रणनीतिक योजनाका क्षेत्रहरुमा कृषि, पशुपन्छी पालन र साना तथा मझौला उद्योगहरुलाई पहिलो प्राथमिकतामा राखिएको छ भने व्यापार, व्यवसाय, निर्माण, यातायात, शिक्षा, स्वास्थ्य तथा पर्यटन क्षेत्रलाई पनि उच्च प्राथमिकतामा राखि यो रोजगार रणनीतिक योजना तयार गरिएको छ । यसका क्षेत्रहरुलाई विशिष्टिकरणरुपमा तलसिल अनुसार उल्लेख गरिएको छ :

- आन्तरिक रोजगारीमा सृजना हुने क्षेत्रका समस्या चुनौती तथा समाधानका उपायहरु,
- प्रधानमन्त्री रोजगार कार्यक्रमको कार्यान्वयनमा देखापरेका समस्या, चुनौती तथा समाधानका उपायहरु,
- स्थानीय तह भित्र दिगो तथा उत्पादनशील रोजगारीको सम्भाव्यताको खोजी तथा प्रवर्द्धन,
- वैदेशिक रोजगारी सम्बन्धित सूचना प्रवाह, परामर्श तथा सहजीकरण,
- सीपयुक्त जनशक्ति तयार गर्न सीप विकास तालिम सञ्चालन ।

## ५. सीमा

यो रोजगार रणनीतिक योजनाले मुख्य गरि कृषि तथा पशुपन्छी पालन, निर्माण तथा यातायात, शिक्षा, स्वास्थ्य, उद्योग, व्यवसाय लगायतका अनौपचारिक क्षेत्रको रोजगारी/स्वरोजगारको क्षेत्रलाई मात्र समेटेको छ । विशेषगरी औपचारिक क्षेत्रहरु जस्तै लोक सेवा आयोग, शिक्षक सेवा आयोग, सुरक्षा निकायमा भर्ना सम्बन्धमा र विभिन्न

अर्ध सरकारी संघसंस्थाहरुमा लिइने स्थायी/अस्थायी प्रकृतिका रोजगारीका क्षेत्रहरुको विषयमा यस रोजगार रणनीतिक योजनामा उल्लेख्य चर्चा गरिएको छैन । खण्ड-२ वर्तमान अवस्थाको विश्लेषण (Current Situation Analysis)

## २.१ जनसंख्याको अवस्था

क) परिचय तथा भौगोलिक अवस्थिति

कुशे गाउँपालिका जाजरकोट जिल्लाको  करिव उत्तरी भागमा रहेको गाउँपालिका हो । नेपालको संघीय शासन प्रणाली अन्तगत राज्य पुनरसंरचनामा स्थानीय तहको नयाँ सिमांकन गर्दा यो गाउँपालिका साविकका ४ वटा गाविसहरु टोलगाउँ, अर्द्धनी, ठिमेर पैक तया पजारु गाविसका १ र २ नं वार्डहरु रुपान्तरण भई स्थापना भएको हो। यो गाउँपालिका जातिगत तथा सांस्कृतिक रुपमा विशिष्टता र विविधता बोकेको गाउँपालिका हो । यो गाउँपालिकामा मुख्य रुपमा ठकुरी र त्यसपछि क्रमश क्षेत्री, कामी, वाहुन, दमाई, मगर, सार्की, सन्यासी, घर्ती, वादी र गुरुङ जातीको बसोवास रहेको छ । स्थानीय जीवनशैली, परम्परागत संस्कृति, प्राकृतिक स्रोत-साधन, पर्यटनको प्रचुर संभावना, जल तया जडिबुटीको पर्याप्तता कुरो गाउँपालिकाको प्रमुख विशेषता हो। भौगोलिक हिसावले यो गाउँपालिका जाजरकोट जिल्लाका ७ वटा स्थानीय तह मध्ये तेथों सानो गाउँपालिका हो। यो गाउँपलिकाले जिल्लाको कुल क्षेत्रफल २२२३.३५ वर्ग किलोमिटर मध्ये २७३.९७ अर्थात १२% भुभाग ओगटेकोछ । यातायातको हिसावले भर्खर मात्र यो गाउँपालिकामा मौसमी यातायात संचालन हुने गरी वाटो निर्माण कार्य भइ रहेकोछ। पानीको प्रशस्त श्रोत भएपनि उपयोग हुन नसकेर त्यसै खेर गइरहेको छ । संधियर प्रादेशिक सरकार भन्दा जनताको नजिक रहेर बस्तु तथा सेवा प्रवाह गरिरहेको कुरो गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमि १४ औं शताब्दीतिर अस्तित्वमा आएको जाजरकोट राज्यका संस्थापक महारान जक्तिसिहले शाके १३०० संवत् १४५५ को आसपासमा जाजरकोट राज्यको स्थापना गरेका थिए । जाजरकोटमा स-साना दर्जनौ राज्यहरु थिए भन्नेकुरा समेत केही इतिहासकारहरुले उल्लेख गरेको पाइन्छ । जगतीसिंहका सन्तानहरु बुद्धिहुदै गएपछि अंशवन्डाको स्वरुप राज्यको विभाजन भई त्यसका मातहतमा सरु, वांरकोट, दार्मकोट, नहारी, साकिया, भिडसर खगेनकोट राज्यहरुको अस्तित्व पछिसम्म कायम रहेको पाइन्छ ।

पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरिसके पनि जाजरकोटलाई हमला नगरी छुट्टै राज्यको रुपमा मान्यता दिएको र राज्य रजौटा ऐन २०१७ अनुसार जाजरकोटी राजाको अस्तित्व कायम रहेको कुरा अभिलेखहरुमा उल्लेख भएको पाइन्छ । जाजरकोटी राजालाई जीवनभर जेष्ठानुक्रमले पुरुष सन्तान दरसन्तान पर्यन्त राजा उपाधि कायम रहने कुरा उल्लेख छ। जाजरकोटका अन्तिम राजा प्रकाश विक्रम शाहको २०६० सालमा मृत्यु भएपछि उनका सन्तानहरु बिच आ-आफ्नो पनबाट उपाधी दाबी भैरहेको अवस्थामा २०६३ सालपछि लोकतन्त्रको बहालीसँगै यो प्रसंग खारेज भएको छ (जाजरकोट परिचय, २०६९ बाट साभार) ।

कुशे गाउँपालिकाको नामकरण २०६३ सालको जनआन्दोलन पछि देशमा आएको राजनैतिक परिवर्तन तया देश संघीय लोकतान्त्रीक गणतन्त्रमा गईसकेपछि गरिएको हो । समुन्द्रि सतहवाट १ हजार ७५ मिटर उचाईवाट सुरु भएको कुशे गाउँपालिका अन्तरगत पर्ने कुशेपाटन ४ हजार ३ सय ८८ मिटर उचाईमा रहेको छ। उक्त पाटन यो गाउँपालिकामा पर्ने सरुगार र चैया खोला दुई ठुला जलाधारको उत्तरी भागमा पर्दछ । महत्वपुर्ण वहुमुल्य प्रजातीका


जडीवुटी, वहुमुल्य रत्नपत्थरहरु पाईने कुशे पाटनको फेदीमा विचको दुर्लभ वन्यजन्तु रेडपाण्डा (हावे) को बास स्थान रहेकोछ । जाजरकोट जिल्लाकै सामरिक महत्व राखे कुशे पाटनको नामवाट गाउँपालिकाको नाम पनि कुशे गाउँपालिका राखिएको हो ।

कुशे गाउँपालिका जाजरकोट जिल्लाको १२% भु भाग ओगटेको गाउँपालिको हो । यसले यो जिल्लाको कुल २२२३.३५ वर्ग किलोमिटर मध्ये २७३.९७ वर्ग किलोमिटर क्षेत्र ओगटेको छ । यो गाउँपालिका मुख्य रुपमा दक्षिण पुर्वि मोहोडा फर्काएर उत्तर पश्चिम तर्फ फैलिएको छ । यो गाउँपालिकाको पुर्वमा बारेकोट गाउँपालिका र नालगाड नगरपालिका पर्दछ, पश्चिममा जुनिचाँद गाउँपालिका र छेडागाड नगरपालिका पर्दछ, त्यस्तै उत्तर तर्फ जुम्ला जिल्लाको गुठीचौर गाउँपालिका पर्दछ र जाजरकोटकै वारेकोट गाउँपालिका पर्दछ भने दक्षिण तर्फ जाजरकोट जिल्लाकै नलगाड, भेरी र छेडागाड नगरपालिका पर्दछन । यो गाउँपालिका जुम्ला जिल्ला र जाजरकोट जिल्लाकै ५ वटा स्थानीय तहसंग जोडिएकोछ ।

ख) जनसाङ्ख्यि संरचना

नेपालको राष्ट्रिय जनगणना २०७८ को जनगणना अनुसार कुशे गाउँपालिकाको जनसंख्या जम्मा २३०५८ रहेको छ जसमा महिलाको जनसंख्या ११५५५ (५०.११%) र पुरुषको जनसंख्या ११५०३ (४९.८९%) रहेको छ । लैङ्गिक समता सुचक १.००५ रहेको छ । यस गाउँपालिकामा जनघनत्व ८४ जना प्रति वर्ग किलोमिटर रहेको छ । कुशे गाउँपालिकामा कूल परिवारहरु ४४०१ र कूल साक्षरता दर ७५.५% रहेको छ । यसमा महिला साक्षरता दर ७०.१% र पुरुष साक्षरता दर ७९.०% रहेको छ ।

यस गाउँपालिकाको जनसंख्या अनुसारको ग्राफ प्रस्तुत गरियको छ .





स्रोत : cbs.gov.np

## २.२ आर्थिक क्षेत्रको विश्लेषण

यस गाउँपालिकाको प्रमुख आर्थिक श्रोत भनेको कृषि हो। यहाँको कुल जनसंख्याको करिव ४४ प्रतिशत र विद्यार्थी तथा वालवालिका वाहेकको जनसंख्याको करीव ७० प्रतिशत जनसंख्या कृषि पेशमा आवद्ध रहेका छन । यसका अलावा ज्याला मजदुरी, नोकरी, व्यपार व्यवसाय, उद्योग बैदेशिक रोजगारी जस्ता विषयहरुमा समेत यहाका नागरिक हरुको आवद्धता रहेकोछ ।


यहाँका ८ प्रतिशत भन्दा वढी जनसंख्या पूर्ण वेरोजगार रहेको देखिन्छ भने वैदेशिक रोजगारीका कारण युवाहरु गाउँमा नभएपछि उनीहरुका साना वच्चा बच्ची पढाउने जिम्मेवारी बहन गर्न श्रीमतीहरु जिल्ला सदरमुकाम वा अन्य सुगम क्षेत्रहरु सुर्खेत तथा नेपालगञ्ज काठमाडौं तिर डेरा गरिवस्ने देखिएको हुनाले गर्दा ग्रामिण क्षेत्रको वसोवास झन कठिन वन्दै जाने देखिन्छ I

२.२.१ वडा अनुसार कृषि र गैर-कृषि क्षेत्रमा रोजगारीको स्थिति





स्रोत : cbs.gov.np

२.२.२ आर्थिक काम गरेको अवधिको आधारमा जनसंख्या वितरण





स्रोत : cbs.gov.np

## २.२.३ आर्थिक कामको पेशाअनुसार जनसंख्या वितरण





स्रोत : cbs.gov.np

२.२.४ आर्थिक कामको औद्योगिक क्षेत्र अनुसार जनसंख्या वितरण




स्रोत : cbs.gov.np

२.२.५ आर्थिक रूपमा निष्क्रिय हुनुका कारण अनुसार जनसंख्या




स्रोत : cbs.gov.np

## २.३ गाउँपालिकामा रहेका उद्योग, प्रतिष्ठान तथा रोजगारदाताहरुको विवरण

**क) कुशे गाउँपालिका अन्तर्गतका प्राईभेट कृषि फर्महरुको बिवरण:**

ख) रैथानी परम्परागत बालिको बिस्तार कृषिमा आधुनिकीकरण र ब्यावसायिकरण तथा कृषिबालीमा

| क्र स | वडा नं | दर्ता संख्या | रोजगारी संलग्न संख्या |
|---|---|---|---|
| १ | ९ | ३ | |
| २ | ८ | १२ | |
| ३ | ५ | २९ | |
| ४ | ६ | ११ | |
| ५ | ४ | १ | |
| ६ | ३ | २ | |
| ७ | २ | ६ | |
| ८ | १ | ० | |
| ९ | ७ | ३ | |

आत्मनिर्भर रहने उदेश्यले स्थापित भएका कृषि फर्महरुको बिवरण

ग) साभार: कृषि विकास शाखा कुशे गाउँपालिका जाजरकोट।

| क्र स | वडा नं | दर्ता संख्या | रोजगारी संलग्न संख्या |
|---|---|---|---|
| १ | ९ | १४ | |
| २ | ८ | २८ | |

| | | | |
|---|---|---|---|
| ३ | ५ | ४६ | |
| ४ | ६ | २३ | |
| ५ | ४ | १५ | |
| ६ | ३ | ९ | |
| ७ | २ | १५ | |
| ८ | १ | १ | |
| ९ | ७ | २० | |

**घ) कुशे गाउँपालिका अन्तर्गतका कृषि बिकास शाखामा दर्ता भएका कृषि समुहहरुको बिवरणः**

ङ) साभारः कृषि विकास शाखा कुशे गाउँपालिका जाजरकोट।

| क्र स | वडा नं | स्वास्थय तर्फ | बैंक गैसस | प्रशासन निजामती तर्फ | प्राबिधीक धार तर्फ |
|---|---|---|---|---|---|
| १ | १ | ३ | | | १ |
| २ | २ | ६ | | १५ | ३ |
| ३ | ३ | ३ | | १२ | |
| ४ | ४ | ५ | | १० | |
| ५ | ५ | ४ | | | ३ |
| ६ | ६ | ५ | २ | ३ | |
| ७ | ७ | ७ | २ | ६ | |
| ८ | ८ | ३ | | १३ | १ |
| ९ | ९ | ६ | १ | १० | १ |

**च) कुशे गाउँपालिका आन्तरिक रोजगारीमा आवद्ध ब्यक्तिको बिवरण**

**छ) रोजगार सेवा केन्द्र मार्फत सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रमः**

यस कुशे गाउँपालिका प्रधानमन्त्री रोजगार कार्यक्रमको कार्यान्वयन आ ब ०७५।०७६ देखी सञ्चालन भइनै रहेको छ।

जस अन्तर्रगत यस शाखा बाट तपसिलमा उल्लेखित कार्यक्रमहरु सञ्चालन तथा ब्यवस्थापन गरिदै आएको अवस्था देखिन्छ

तपसिलः

| क्र स | बार्षिक कार्यक्रम बमोजिमका कार्यहरु |
|---|---|
| १ | गाउँपालिका क्षेत्र भित्ररहेका बेरोजगार ब्यक्तिहरुको तथ्याङ संकलन तथा बिश्लेषण गरी बेरोजगार ब्यक्तीहरुको सुचि अध्यावधिक राख्ने। |
| २ | यस कुशे गाउँपालिका क्षेत्र भित्रको संभाब्य रोजगारीको स्थिति बिश्लेषण गरी रोजगारीको तथ्याङ्क संकलन गर्ने रोजगार नक्शांकन गर्ने तथा रोजगारीको अवसरहरुको अभिलेखांकन गर्ने |
| ३ | बिभिन्न रोजगार आयोजनाहरुबाट माग भए बमोजिम सूचिकृत बेरोजगार ब्यक्तीहरुलाई रोजगारीकालागी खटाउने |

| | |
|---|---|
| ४ | गाउँपालिका वा नगरपालिका क्षेत्र भित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सोको सुचना प्रबाह गर्ने |
| ५ | रोजगारदाताका लागि श्रमिकहरुको उपलब्धताको सम्भाब्यता जानकारी गराउने तथा माग भई आएका अवस्थामा रोजगारदाताहरुलाई बेरोजगार ब्यक्तीको सुचिबाट श्रमिक उपलब्ध गराउने। |
| ६ | बेरोजगार ब्यक्तिहरुको ज्ञान, सीप तथा क्षमता र बजारको मागको आधारमा आवश्यक पर्ने सीप बिकास तालिमको पहिचान गरी सम्वन्धीत तालिम केन्द्रमा सिफारिस गर्ने |
| ७ | रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार ब्यक्तिहरु मध्ये न्युनतम रोजगारी प्राप्त गर्ने, रोजगार मुलक तथा सीपमूलक तालिम प्राप्त गर्ने, नीजि क्षेत्रको रोजगारीमा सहभागिताहुने तथा स्वरोजगार हुने ब्यक्तिहरुको बिवरण अध्यावधिक गर्ने |
| ८ | स्थानीय तहभित्रका बैदेशिक रोजगारीका जाने तथा जान चाहानेहरुको लागि सुचना तथा परामर्श सेवा प्रदान गर्ने |
| ९ | बैदेशिक रोजगारी प्रवर्द्धन बोडबाट उपलब्ध गराईने आर्थिक सहायता वितरण सम्वन्धी कार्यमा सहयोग पुर्याउने |
| १० | आन्तरीक रोजगारी प्रर्वद्धन गर्नमा संलग्न सावर्जनिक क्षेत्र भित्रका सरोकारवालाहरुलाई अन्य सेवा प्रदान गर्ने |

## आ ब ०८१।०८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रमहरु

| क्र स | बार्षिक कार्यक्रम बमोजिमका कार्यहरु | बजेट | रोजगारीमा संलग्न |
|---|---|---|---|
| ११ | कार्यस्थलमा सुरक्षा सामाग्री | ३३८००० | |
| १२ | रोजगारी सृजना आई डी ए | ३१००००० | |
| १३ | रोजगार संबाद मन्चको सञ्चालन | ३०००० | |
| १४ | रोजगारी सञ्चालन नेपाल सरकार | ३४,४४००० | |
| १५ | श्रमको सम्मान राष्टको अभियान | १००००० | |
| १६ | रोजगारी खटिनु पुर्ब अभिमुखीकरण कार्यक्रम | ४५००० | |
| १७ | रोजगार रणनीति निर्माण र अध्यावधिक | १००००० | |
| | जम्मा बजेट | ७१५७००० | |

## आ ब ०८२।०८३ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रमहरु

| क्र स | बार्षिक कार्यक्रम बमोजिमका कार्यहरु | बजेट | रोजगारीमा संलग्न |
|---|---|---|---|
| १ | रोजगारी सृजना (नेपाल सरकार) | ४३७२००० | |
| १ | आन्तरीक रोजगारी प्रवर्धनका लागी बैदेशिक रोजगार बाट फर्कीयका ब्यक्तिहरुलाई उध्यमशिलता प्रवर्दन कार्यक्रम | १००००० | |
| ३ | श्रमको सम्मान राष्ट्रको अभियान सम्वन्धी क्रियाकलाप | २५००० | |
| ४ | रोजगार संबाद मञ्चको सञ्चालन | २५००० | |
| ५ | स्थानिय तहमा बैदेशिक रोजगारीबाट फर्कीएका ब्यक्तिहरु सँग बैदेशिक रोजगारी सम्वन्धी अभिमुखीकरण कार्यक्रम | ४२००० | |
| ६ | स्थानिय तह रोजगार सेवा केन्द्रदारा समुदाय स्तरमा सुरक्षित बैदेशिक रोजगारी सम्वन्धी अभिमुखीकरण तथा सुचना प्रवाह कार्यक्रम | ७२००० | |
| ७ | स्थानीय तह कार्यक्रम कार्यान्वयन समितिको बैठक ब्यवस्थापन खर्च | २०००० | |
| ८ | स्थानीय तहको बिषयगत समिति श्रम तथा रोजगार स्वास्थ्य सहकारी जेसी सम्पर्क ब्यक्ति न्यायीक समिति सँग बैदेशिक रोजगार सम्वन्धि | २०००० | |

| | | | |
|---|---|---|---|
| | सेवालाइ सँस्थागत गर्ने सम्वन्धमा अभिमुखीकरण तथा कार्यक्रम | | |
| ९ | सेमि कार्यक्रम चौथो चरणको कार्यान्वयन मोडालिटि सम्वन्धमा अभिमुखीकरण कार्यक्रम | ५०००० | |
| | | ४७२६००० | |

यस कुशे गाउँपालिका रोजगार शाखा बाट आ ब ०८१।०८२ मा सञ्चालीत मुख्य मन्त्री रोजगार कार्यक्रम कार्यान्वयन अन्तर्गत  तपसिलमा उल्लेखित प्रस्ताबित कार्यक्रमहरु सञ्चालन  भएका छन ।

| **क्र स** | **आ ब ०८१।०८२ मा बार्षिक कार्यक्रम बमोजिमका कार्यहरु** | **वडा नं** | **बजेट** | **रोजगारीमा संलग्न** |
|---|---|---|---|---|
| १ | दारिया खोला तटबन्धन योजना निर्माण | १ | १५ लाख | |
| २ | विद्युत पावरहाउस देखि तल्लो डोग्री बाटली टोल हुदै ढाँर सम्म सडक स्तरउन्नती तार जाली निर्माण | २ | १५ लाख | |
| ३ | मेलटाकुरा देखि वडा कार्यालय सम्म सडक स्तरउन्नोती | ३ | १५ लाख | |
| ४ | चौढुङ्गा देखी गैरीखेतसम्म सिचाई कुलो निर्माण | ४ | १५ लाख | |
| ५ | कटुजे तरी मसान्घाटमा प्रतिक्षालय निर्माण र सिडिहरु निर्माण | ५ | १५ लाख | |
| ६ | ६ नं वडा कार्यालय घेराबार निर्माण | ६ | १५ लाख | |
| ७ | नारे मौले देखि रुख्खे पाखा सम्म बाटो निर्माण | ७ | १५ लाख | |
| ८ | जनकल्याण आधारभुत विद्यालयको पर्खाल निर्माण | ८ | १५ लाख | |
| ९ | जनता माध्यामिक विद्यालय घेराबार निर्माण | ९ | १५ लाख | |

**मुख्यमन्त्री रोजगार कार्यक्रमः**

यस कुशे गाउँपालिका रोजगार शाखा बाट आ ब ०८२।०८३ मा सञ्चालीत मुख्य मन्त्री रोजगार कार्यक्रम कार्यान्वयन अन्तर्गत  प्रस्ताबित तपसिलमा उल्लेखित कार्यक्रमहरु सञ्चालन  हुने भएका छन ।

| **क्र स** | **आ ब ०८२।०८३ मा बार्षिक प्रस्ताबित कार्यक्रम बमोजिमका कार्यहरु** | **वडा नं** | **बजेट** | **रोजगारीमा संलग्न** |
|---|---|---|---|---|
| १ | तारेचौर खोला तटवन्धन तथा तार जाली निर्माण | १ | १५ लाख | ४० |

| | | | | |
|---|---|---|---|---|
| २ | सुन्तला दाँतेओखर कागती ब्यावसायिक खेती योजना | २ | १५ लाख | ४० |
| ३ | रैथाने बालिमा आधारीत लघुउद्योग तथा तालिम सञ्चालन | ३ | १५ लाख | ४० |
| ४ | ब्यावसायिक सुन्तला र दाँतेओखर खेती | ४ | १५ लाख | ४० |
| ५ | ब्यावसायिक फलफुल खेती कार्यक्रम | ५ | १५ लाख | ४० |
| ६ | ब्यावसायिक फलफुल खेती कार्यक्रम | ६ | १५ लाख | ४० |
| ७ | कृषी उत्पादन फलफूलहरुमा सुन्तला कागती दाँते ओखर र इटलीयन स्याउ खेती | ७ | १५ लाख | ४० |
| ८ | माल्लुवातरा देखी कफल्ला मष्टा मन्दिर पद मार्ग निर्माण | ८ | १५ लाख | ४० |
| ९ | ब्यावसायिक कीबि सुन्तला तथा दाँते ओखर खेती | ९ | १५ लाख | ४० |

**गापाको साझेदारीमा रोजगार शाखा बाट सञ्चालित कार्यक्रम आ ब ०८२।०८३**

| सि.नं. | मुख्य कार्यक्रम | स्रोत | स्थानिय तहबाट साझेदारी बजेट |
|---|---|---|---|
| १ | रोजगारी सृजना ५०(नेपाल सरकार) प्रतिशत रकम स्थानिय सरकार मार्फत बिनियोजन गर्ने | गाउँपालिका | ४३७२००० |
| २ | स्थानिय तहमा अध्यक्ष रोजगार अनुदान कार्यक्रम | गाउँपालिका | ४५००००० |
| ३ | ब्यावासय गर्नु पुर्बतयारीका कार्यक्रमहरु | गाउँपालिका | २००००० |

**ज) उद्योग बिकास शाखा**

**I. सीप बिकास तथा लघुउद्यम विकास कार्यक्रम अन्तर्गत सञ्चालित तालिमको विवरण**

| क्र स | तालिमको बिवरण | वडा नं | लाभान्बित संख्या |
|---|---|---|---|
| १ | आरण सुधार तालिम | १ देखी ९ | १५ |
| २ | गुडीया कुशन बनाई तालिम | १ देखी ९ | १८ |
| ३ | तरकारी खेतीको तालिम | १ देखी ९ | ३० |

**II. सीप बिकास तथा लघुउद्यम विकास कार्यक्रम अन्तर्गत प्रबिध हस्ताणतरणको विवरण**

| क्र स | प्रबिधीहरुको बिवरण | वडा नं | लाभान्बित संख्या |
|---|---|---|---|
| १ | कृषी सामाग्री बितरण | १ देखी ९ | ३० |
| २ | प्रबिधि हस्तान्तरण | १ देखी ९ | ५ |
| ३ | तरकारी खेतीको तालिम | १ देखी ९ | ३० |
| ४ | सीलाई मेसीन | १ देखी ९ | १५ |
| ५ | ट्रनेल पाल | १ देखी ९ | ३० |
| ६ | सीचाई पाइप | १ देखी ९ | ३० |
| ७ | पोली ब्याग | १ देखी ९ | ३० |
| ८ | पंखा | १ देखी ९ | १८ |
| ९ | आरण सुधारका सामाग्रीहरु | १ देखी ९ | १८ |
| १० | गुडीया र कुसन बनाई सामाग्रीहरु | १ देखी ९ | १८ |

साभारः उद्योग विकास शाखा कुशे गाउँपालिका जाजरकोट।

कुशे गाउँपालिका अन्तर्गतका प्राईभेट उद्योग तर्फका फर्महरुको बिवरणः

होजियारी, गार्मेन्ट, नेपाली हाते कागज, निगालो तथा बाँस, नर्सरी तथा फलफुल, फर्निचर, निर्माण कुटनि तथा पेलानी, सिलाईकटाई, धातु मुर्ति तथा आरन निर्माण कार्य लगायत अन्य आवश्यक घरेलु तथा साना उद्योग

| क्र स | वडा नं | दर्ता संख्या | रोजगारी संलग्न संख्या |
|---|---|---|---|
| १ | ९ | ६ | १२ |
| २ | ८ | ८ | १६ |
| ३ | ५ | ६ | १२ |
| ४ | ६ | २ | ४ |
| ५ | ४ | १ | २ |
| ६ | ३ | २ | ४ |
| ७ | २ | २ | १२ |
| ८ | १ | १ | २ |
| ९ | ७ | २ | ४ |

सञ्चालन गर्ने उद्धेश्यले वडाहरुमा स्थापन भएका तपसिलका उद्योगहरु रहेका छन्।

साभारः उद्योग विकास शाखा कुशे गाउँपालिका जाजरकोट।

### झ) कृषि विकास शाखा

यस कुशे गाउँपालिका कृषि विकास शाखा बाट चालु आ ब ०८१।०८२ मा सञ्चालीत कृषि बिकास कार्यक्रम कार्यान्वयन अन्तर्गत तपसिलमा उल्लेखित स्वीकृत कार्यक्रमहरु सञ्चालन भएका छन।

| क्र स | आ ब ०८१।०८२ मा बार्षिक कार्यक्रम बमोजिमका कार्यहरु | वडा तथा स्थान | बजेट | लाभान्बित संख्या |
|---|---|---|---|---|
| १ | दलहन बाली पकेट विकास कार्यक्रम | | १२ लाख | |
| २ | किसान परिचय पत्र बितरण नमुना कार्यक्रम | | १ लाख | |
| ३ | कृषि प्रसार खाध्य सुरक्षा तथा पोषण सुधार सहयोग कार्यक्रम | ७ वटा वडा | २ लाख | १७५ |
| ४ | मौसमी तथा बेमौसमी तरकारी बिउ खरिद तथा वितरण | | ६ लाख | १५०० सिडकेट बितरण |
| ५ | च्याउको बिउ वितरण | | १ लाख ५० हजार | |
| ६ | अध्क्षय उत्कृष्ट पुरस्कार | | १ लाख | |
| ७ | बैगैचा सुधार कार्यक्रम | | १ लाख ५० हजार | |
| ८ | पोषण सुधार कार्यक्रम | | ६ लाख | |
| ९ | बाली कटानी | | २० हजार | |
| | जम्मा लगानी | | ३१ लाख | |

साभारः कृषि विकास शाखा कुशे गाउँपालिका जाजरकोट।

यस कुशे गाउँपालिका कृषि विकास शाखा बाट आगामी आ ब ०८२।०८३ मा सञ्चालीत कृषि बिकास कार्यक्रम कार्यान्वयन अन्तर्गत तपसिलमा उल्लेखित प्रस्ताबित कार्यक्रमहरु सञ्चालन हुने भएका छन।


| क्र स | आ ब ०८२।०८३ मा बार्षिक कार्यक्रम बमोजिमका कार्यहरु | वडा तथा स्थान | बजेट | लाभान्बित संख्या |
|---|---|---|---|---|
| १ | ७५% मुल्य अनुदानमा सुन्तला जात बिरुवा बितरण कार्यक्रम | | १२ लाख | |
| २ | किसान परिचय पत्र बितरण नमुना कार्यक्रम | | १ लाख | |
| ३ | कृषि प्रसार खाध्य सुरक्षा तथा पोषण सुधार सहयोग कार्यक्रम | | २ लाख | |
| ४ | मौसमी तथा बेमौसमी तरकारी बिउ खरिद तथा वितरण | | ६ लाख | |
| ५ | च्याउको बिउ वितरण | | १ लाख ५० हजार | |
| ६ | अध्क्षय उत्कृष्ट कृषक पुरस्कार | | १ लाख | |
| ७ | बैगैचा सुधार कार्यक्रम | | ३ लाख ५० हजार | |
| ८ | जैबिक बिषादी कार्यक्रम | | ५ लाख | |
| ९ | शतप्रतिशत अनुदानमा आर्गेनिक मल बितरण कार्यक्रम | | ५ लख | |

| | | | | |
|---|---|---|---|---|
| १० | पोषण सुधार कार्यक्रम | | ६ लाख | |
| ९ | बाली कटानी | | २० हजार | |
| १० | आकस्मिक बाली संरक्षण कार्यक्रम | | ३ लाख | |
| ११ | ७५% मुल्य अनुदानमा कृषकहरुलाइ प्रबिधि हस्तानतरण कार्यक्रम | | ५ लाख | |
| | जम्मा लगानी | | | |

साभारः कृषि विकास शाखा कुशे गाउँपालिका जाजरकोट।


## २.४ गाउँपालिकाको वैदेशिक रोजगारीमा भएका युवाहरुको विवरण

### २.४.१ उमेर समूह र अनुपस्थितिको कारण अनुसार विदेशमा अनुपस्थित जनसंख्या





स्रोत : cbs.gov.np

### २.४.२ देश छोडेको अवधि र उमेर अनुसार विदेशमा अनुपस्थित जनसंख्या





स्रोत : cbs.gov.np

२.४.३ उमेर समूह र गएको देशअनुसार विदेशमा अनुपस्थित जनसंख्या




स्रोत : cbs.gov.np

२.४.४ देशभित्र अनुपस्थित र विदेश अनुपस्थित जनसंख्या




स्रोत : cbs.gov.np

## २.५ गाउँपालिकाको सामाजिक अवस्था

यस गाउँपालिकामा विभिन्न जातजातिहरुको संयुक्त वसोवास रहेकोछ। मुख्यतया ठकुरी, क्षेत्री, कामी, बाहुन, दमाई, मगर, सार्की, सन्यासी, र घर्ती, वादी, गुरुङ आदि जातिहरु संयुक्त रुपमा मिलेर बसेको पाइन्छ । यस गाउँपालिकामा रहेका बासिन्दाहरुले मान्ने मुख्य धर्म हिन्दु हो भने केहि रुपमा बौद्ध र क्रिश्चियन धर्मालम्बीहरुको पनि बसोबास रहेकोछ। यहाँका बासिन्दाहरुले मुख्यतया हिन्दु धर्मालम्बीहरुले मान्ने दशैं, तिहार, मेला, जात्रा, पाठपूजा, विवाह, वर्तवन्ध आदिजस्ता चाडपर्वहरु मनाइ, भेटघाट गरी, रमाइलो गर्ने प्रचलन रहेकोछ। आपसमा भातप्रेम सहित यहाँका बासिन्दाहरुले सुख-दुःखमा एकले अर्कोलाई नगद, जिन्सी समान उपहार दिएर सक्दो सहयोग गर्ने विशेषता रहेकोछ। यहाँको रितिथिति भाषाभेष ज्ञान, सिप र प्रविधि आफ्नैखाले, मौलिकखालको रहेकोछ। दशै, तिहार, तीज, रामनवमी, शिवरात्री, माघे संक्रान्ति, कुशेऔंसी, बौद्धपुर्णीमा आदि जस्ता चाडपर्वहरु मनाउने गरिन्छ ।

## खण्ड-३ रणनैतिक विश्लेषण (Strategic Analysis)

### ३.१ बाह्य वातावरणको विश्लेषण

**(क) राजनीतिक पक्ष (Political)**

- संघीय संरचनाले गाउँपालिकालाई अधिकार सम्पन्न बनाएको छ। यस्ता अधिकारको उपयोग गर्दै स्थानीय रोजगार सिर्जनाका नीति बनाउन सकिने सम्भावना छ भने हरेक राजनीतिक दलहरुको घोषणापत्र विश्लेषण गर्दा स्थानीयस्तरमा रोजगारीका अवसरको वृद्धि गर्ने कुरालाई पहिलो प्राथमिकता दिइएको देखिन्छ।
- ग्रामीण विकास, सीप अभिवृद्धि, युवा लक्षित कार्यक्रमलाई प्राथमिकता दिने संघीय/प्रदेश सरकारको नीति भएकोले स्थानीय तहले तयार गर्ने रोजगार रणनीतिक योजनामा सबै पक्षको सहकार्यको सम्भावना देखिन्छ।

**(ख) आर्थिक पक्ष (Economic)**

- कृषि, पशुपालन, र वैदेशिक रोजगारी आयको मुख्य स्रोतका रुपमा देखिन्छन्।
- विपन्नता दर उच्च, तर श्रमशक्ति प्रशस्त; स्थानीय उत्पादनको मूल्य प्रवर्धन गर्न सकिने सम्भावना प्रयाप्त छ
- लगानी र उद्यमशीलता विकास गर्न स्थानीय स्रोत परिचालनको खाँचो रहेको छ।

**(ग) सामाजिक पक्ष (Social)**

- शिक्षाको पहुँच विस्तार भए पनि व्यावसायिक र प्राविधिक सीपको अभाव देखिन्छ।
- युवाशक्ति वैदेशिक रोजगारीतर्फ आकर्षित देखिन्छ।
- परिवार छुट्टिएर सामाजिक संरचना कमजोर बन्दै गएको अवस्था छ।

**(घ) प्राविधिक पक्ष (Technological)**

- डिजिटल पहुँच विस्तार हुँदैछ; सीप विकास र सूचनाको प्रवाहमा सहयोगी बन्न सक्ने सम्भावना प्रबल छ
- कृषि, पर्यटन र उत्पादन क्षेत्रमा प्रविधिको प्रयोग न्यून छ यसलाई बढावा दिन सकिएको खण्डमा स्थानीयस्तरमा रोजगारीका अवसरहरू सृजना गर्न सकिन्छ।

**(ङ) वातावरणीय पक्ष (Environmental)**

- प्राकृतिक स्रोतको भरपूर उपलब्धता तर सदुपयोगको दीर्घकालीन नीति र दिगोपनामा चुनौती
- जलवायु परिवर्तनले कृषि र रोजगारीमा असर पार्ने खतरा बढ्दै गएको छ।

**(च) कानुनी पक्ष (Legal)**

- स्थानीय सरकार सञ्चालन ऐन, रोजगारी सम्बन्धी नीति, सामाजिक सुरक्षा ऐन जस्ता नीतिगत दस्तावेजहरुको प्रभावकारी कार्यान्वयन जरुरी देखिन्छ।
- रोजगार प्रवर्द्धन निर्देशिका बनाएर स्थानीय तहमा कार्यान्वयन गर्ने वातावरण छ।

### ३.२ आन्तरिक विश्लेषण

कुशे गाउँपालिकाको आन्तरिक वातावरण विश्लेषण गर्दा यहाँको प्रमुख शक्ति भनेको युवा जनशक्ति हो । उत्पादनशील उमेर समूहको ठूलो भाग श्रम बजारमा उपलब्ध हुनु आफैंमा ठूलो सम्भावना हो, जुन उपयुक्त सीप र अवसर दिएमा स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन सक्ने स्थिति छ । स्थानीय स्रोतहरू—जस्तै वनजंगल, कृषि योग्य जमिन, पशुपालन, जडिबुटी तथा खनिज स्रोतहरूको सम्भाव्यता उल्लेखनीय छ । यी स्रोतहरूको दिगो व्यवस्थापन र उपयोगबाट स्थायी रोजगारी सिर्जना गर्न सकिन्छ । साथै, गाउँपालिकाको नेतृत्वले रोजगारी सिर्जना र उद्यमशीलता प्रवर्द्धनका क्षेत्रमा स्थानीय स्तरमै विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न थालेको छ, जसले स्थानीय सरकारको प्रतिबद्धता देखाउँछ । योजनाको तर्जुमा, तालिम आयोजना, र अनुदान कार्यक्रमहरूको प्रारम्भिक प्रयासबाट सकारात्मक संकेत मिलेको छ । यदि यी प्रयासहरू दिगो र योजनाबद्ध ढंगले विस्तार गरिए भने, कुशे गाउँपालिका ग्रामीण रोजगारीको नमूना क्षेत्र बन्ने पूर्ण सम्भावना राख्दछ ।

प्रचुर सम्भावनाहरुको बिचमा केहि सुधार गर्नु पर्ने विषयवस्तुहरु पनि छन् । ति मध्ये पहिलो, स्थानीय स्तरमा सीपयुक्त जनशक्तिको अभाव छ । व्यवसायिक तालिमको पर्याप्त अवसर नहुँदा युवाहरू स्वरोजगार वा उद्यमतर्फ उन्मुख हुन सकेका छैनन् । दोश्रो, लगानीका स्रोतहरु र तिनमा युवाहरुको पहुँच सीमित छ ।  न त बैंकिङ पहुँच पर्याप्त छ, न त वित्तीय साक्षरता । यसले गर्दा स्थानीय स्रोतहरूको व्यवसायिक उपयोग सम्भव भएको छैन । तेस्रो कमजोरी भनेको संस्थागत समन्वयको कमी हो । विभिन्न सरकारी निकाय, तालिम प्रदायक संस्था, निजी क्षेत्र र सहकारीबीच कार्यगत समन्वय नहुँदा कार्यक्रमहरू दोहोरिने, अप्रभावकारी हुने वा स्रोतको दोहन मात्र हुने समस्या देखिन्छ । यी आन्तरिक चुनौतीहरूलाई रणनीतिक दृष्टिकोणबाट सम्बोधन गर्न सकिएमा रोजगारीको क्षेत्रमा दीर्घकालीन सुधार सम्भव छ ।

## खण्ड-४ रणनैतिक सवालहरू (Strategic Issues)

### **४.१ सीप अभाव र रोजगारीको अपूरो मेलमिलाप**

कुशे गाउँपालिकामा रोजगारीको पर्याप्त सम्भावना भए तापनि आवश्यकता अनुसारको सीपयुक्त जनशक्ति छैन । सीप र रोजगारी अवसर बीच मेल नहुँदा बेरोजगार युवाहरूको संख्या दिनानुदिन बढ्दै गएको छ । अर्को तर्फ रोजगारदाताहरु पनि उपयुक्त श्रमिक नपाउँदा बाह्य बजारबाट श्रमिक आयात गर्नु पर्ने बाध्यात्मक परिस्थितिमा रहेको देखिन्छ ।  तालिम र शिक्षाको अभावले गर्दा उत्पादनशील क्षेत्रमा श्रमिकको माग पूरा हुन सकेको छैन । यसले रोजगारी सिर्जनाको प्रयासलाई कमजोर बनाइरहेको छ । अतः स्थानीय आवश्यकता अनुसारको तालिम, प्रविधिमा आधारित सीप विकास कार्यक्रम र निजी क्षेत्रको सहकार्यमा विभिन्न युवा सशक्तिकरणका कार्यक्रम सञ्चालन गर्नु अपरिहार्य छ ।

### **४.२ वैदेशिक रोजगारी निर्भरता घटाई आन्तरिक रोजगारी सिर्जना**

वर्षेनि कुशे गाउँपालिकाका सयौँ युवा वैदेशिक रोजगारीका लागि भारत तथा अन्य देशमा गइरहेका छन् । यसको मुख्य कारण स्थानीय तहमा दीर्घकालीन रोजगारी सिर्जनाको अभाव हो । वैदेशिक निर्भरता घटाउन स्थानीय उत्पादन, कृषि, पशुपालन, घरेलु उद्योग र पर्यटन क्षेत्रको विकास अत्यावश्यक छ । वैदेशिक रोजगारीबाट फर्केका श्रमिकहरूको सीप र अनुभवको सदुपयोग गर्दै स्थानीय उद्योगमा संलग्न गराउने नीति ल्याउन आवश्यक छ ।

रोजगारी प्रवर्द्धन गर्न सहुलियतपूर्ण ऋण, लगानी मैत्री वातावरण र उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गर्नु रणनीतिक कदम हुनेछ ।

### ४.३ स्थानीय स्रोतको अधिकतम उपयोगमार्फत उद्यमशीलता प्रवर्द्धन

कुशे गाउँपालिका आफैमा प्रयाप्त प्राकृतिक स्रोतहरूले सम्पन्न क्षेत्र हो । वन, जलश्रोत, कृषि योग्य जमिन, पशुजन्य उत्पादन जस्ता स्रोतहरू प्रयोगमा ल्याउने हो भने दीगो रोजगारी सिर्जना गर्न सकिन्छ । तर अहिलेसम्म यी स्रोतहरूको उपयोग न्यून छ । स्थानीय स्रोतको मूल्य अभिवृद्धि गर्दै लघु तथा साना उद्योगहरू स्थापना गरी उद्यमशीलता प्रवर्द्धन गर्नु आजको आवश्यकता हो । यसका लागि सहकारी, निजी क्षेत्र, र युवा समूहसँग सहकार्य गर्दै स्रोतमा आधारित उद्यम विकास कार्यक्रम ल्याउनु उपयुक्त हुनेछ ।

### ४.४ तालिम, लगानी र बजारीकरण संयन्त्रबीच समन्वय अभाव


रोजगारी सिर्जना कार्यक्रम सफल बनाउन तालिम, लगानी, र उत्पादित वस्तुको बजारसम्मको पहुँच अनिवार्य देखिन्छ । तर कुशे गाउँपालिकामा यी तीन पक्षबीच समन्वयको अभाव छ । सीप विकास तालिम दिइए पनि लगानीको पहुँच छैन वा उत्पादन भए पनि बजारीकरण प्रणाली कमजोर हुँदा दीगो रोजगारी कायम रहँदैन । यसका लागि बहु-पक्षीय साझेदारीमा आधारित एकीकृत कार्यक्रम आवश्यक छ जहाँ तालिम प्रदायक, लगानीकर्ता र बजार पहुँच दिने निकायहरू बीच योजना र कार्यान्वयनमा सहकार्य हुनु जरुरी छ ।

### ४.५ समान पहुँच र समावेशीतामा आधारित रोजगारी कार्यक्रम आवश्यक

स्थानीय रोजगारी कार्यक्रमहरू सबै वर्ग र समुदायका लागि समान रूपले पहुँचयोग्य हुनुपर्छ । हाल रोजगारीका अवसरहरूमा महिला, दलित, विपन्न, अपांगता भएका व्यक्ति तथा दूरदराजका नागरिकहरूको सहभागिता कम देखिन्छ । समावेशी रोजगार सुनिश्चित गर्न लक्षित कार्यक्रम, सीप विकास तालिम, प्रेरणादायि अभयानमुलक कार्यक्रम तथा सहुलियतपूर्ण ऋण प्रवाह आवश्यक छ । समावेशी दृष्टिकोणले नसोचिए सम्म समान आर्थिक समावेशीकरण सम्भव हुँदैन । त्यसैले, योजनाबद्ध रूपमा समावेशीतामा आधारित नीति र कार्यक्रम लागू गर्नुपर्ने देखिन्छ ।

## खण्ड-५ दुरदृष्टि, ध्येय र उद्धेश्य (long-term Vision, Mission and Objectives)

कुनै पनि स्थानीय तहले आफ्नो भौगोलिक क्षेत्र भित्र वा बाहिर गइ बसोबास गरिरहेका मानवीय जनशक्तिलाई सहज रोजगारीका अवसरहरुमा जोड्नका लागि सर्वप्रथम रोजगारीको दूरदृष्टिमा स्पष्ट हुनु पर्ने देखिन्छ  किनकी दूरदृष्टि अनुसार नै गाउँपालिकाले रणनीतिक पहल चाल्ने भएको हुँदा दूरदृष्टि, ध्येय, लक्ष्य र उद्देश्यहरुसँग रणनीति तथा कार्यनीतिको तादात्म्यता मिलान हुनु जरुरी छ । यस कुशे गाउँपालिकाले यी सबै पक्षको तादात्म्यताका लागि तपसिल अनुसारको खाका तयार गरेको छ :




### ५.१ दूरदृष्टि

"स्रोतको सदुपयोग, सीपको सम्मान — समृद्ध कुशे बनाउने जनताको अभियान!"

### ५.२ ध्येय

स्थानीय स्रोतको अधिकतम उपयोग, सीपयुक्त मानवशक्ति निर्माण, समावेशी पहुँच विस्तार, र नवप्रवर्तनमा आधारित रोजगारी सिर्जनामार्फत कुशे गाउँपालिकालाई दिगो, समावेशी र आत्मनिर्भर आर्थिक संरचनामा रूपान्तरण गर्नु नै मुख्य ध्येय हुनेछ ।

### ५.३ उद्देश्यहरु

- स्थानीय स्रोत साधनको अधिकतम उपयोग गरी गाउँपालिकामा आर्थिक वृद्धिका लागि साना तथा मझौला उद्योगहरुको विस्तार गर्नु,
- प्राविधिक तथा व्यवहारिक सीपयुक्त मानवशक्ति निर्माणमार्फत स्थानीय श्रम बजारलाई सशक्त बनाउनु

– समावेशी पहुँच सुनिश्चित गर्दै सबै वर्ग, लिंग र समुदायका नागरिकहरूलाई समान रोजगारीका अवसर प्रदान गर्नु,
– नवप्रवर्तनमा आधारित स्वरोजगार तथा उद्यमशीलता प्रवर्द्धन गरी दीगो रोजगारी सिर्जना गर्नु

यी उद्देश्यहरु पूरा गर्न गाउँपालिकाले लिने प्राथमिकताका क्षेत्रहरु

– स्थानीय स्रोत र कच्चा पदार्थमा आधारित साना तथा मझौला उद्योगहरूको प्रवर्द्धन
– व्यवहारिक तथा प्राविधिक सीप विकासमार्फत दक्ष जनशक्ति निर्माण
– महिला, दलित, युवा लगायत सबै वर्गका लागि समावेशी रोजगारी पहुँच सुनिश्चित
– नवप्रवर्तन र डिजिटल प्रविधिमा आधारित स्वरोजगार तथा स्टार्टअप प्रवर्द्धन
– व्यवसायिक तालिम, बजार पहुँच र वित्तीय सहयोगमार्फत उद्यमशीलता विकास

## खण्ड-६ रणनैतिक लक्ष्यहरू (Strategies goals)

वृहत उद्देश्यहरुको आधारमा Specific, Measurable, Attainable, Realistic and Time-bound (SMART) सूचकहरू सहित रणनैतिक लक्ष्यहरु तयार गरिएको छ :

(क) साना तथा मझौला उद्योगहरुको संख्यामा वार्षिक १०% वृद्धिको सुनिश्चितता गर्नु,
(ख) प्रत्येक वर्ष कम्तीमा ५० जना स्थानीय युवालाई सीपमूलक प्राविधिक तालिममा सहभागी गराउनु,
(ग) महिला, दलित, जनजाति, अपांगता भएका व्यक्ति लगायत लक्ष्य समूहहरूको रोजगारी पहुँचमा २५% सम्मको सहभागिता सुनिश्चित गर्नु,
(घ) नवप्रवर्तनमा आधारित कम्तीमा १० वटा स्वरोजगार वा स्टार्टअप उद्यमको स्थापना प्रोत्साहन गर्नु,

## खण्ड-७ रणनैतिक स्तम्भ/प्रमुख रणनीतिहरु (Major Strategies)

कुशे गाउँपालिकाको रणनीतिक योजना कार्यान्वयनका लागि प्रमुख रणनीतिहरु यस अनुसार तय गरिएको छ :

| | |
|---|---|
| रणनीतिक स्तम्भ **एक** | साना तथा मझौला उद्योग/उद्यमशिलताको प्रवर्द्धन |
| रणनीतिक स्तम्भ **दुई** | सीप विकास र प्राविधिक शिक्षाको सुनिश्चितता |
| रणनीतिक स्तम्भ **तीन** | समावेशी रोजगार पहुँच र सामाजिक न्याय प्रवर्द्धन |
| रणनीतिक स्तम्भ **चार** | नवप्रवर्तन, स्टार्टअप र स्वरोजगार प्रवर्द्धन |

## खण्ड-८ पाँच वर्षको रणनैतिक कार्ययोजना (Strategic Action Plan )

### ८.१ स्थानीय तहको रोजगार रणनीति कार्यान्वयन कार्ययोजना

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय/ शाखा | सहयोगी निकाय / शाखा | समयावधि | कार्य सम्पादन सूचक | बजेट (लाखमा) | जोखिम |
|---|---|---|---|---|---|---|---|
| **रणनीतिक स्तम्भ एक :** साना तथा मझौला उद्योग/उद्यमशिलताको प्रवर्द्धन | | | | | | | |
| **रणनीति १.१:** उद्योगमैत्री वातावरण निर्माण गर्ने | | | | | | | |
| **कार्यनीति १.१.१: साना तथा मझौला उद्योगहरुको संख्यामा वृद्धि गरिनेछ।** | | | | | | | |
| १.१.१.१ | युवाहरुलाई स्थानीय उत्पादनमा आधारित उद्योग/उद्यमशिलता स्थापनाका लागि अभिमुखीकरण गर्ने | उद्योग शाखा | गाउँपालिका स्वयमले गर्ने | नियमित | अभिमुखीकरणमा सहभागी युवा संख्या | ५ | युवाहरुको रुचि पहिचानमा समय लाग्न सक्छ। |
| १.१.१.२ | कृषक तथा युवाहरुलाई उद्योग दर्ता प्रक्रियामा सहजीकरण गर्ने | उद्योग शाखा | गाउँपालिका स्वयमले गर्ने | नियमित | दर्ता उद्योगहरुको संख्या | विना बजेट | युवाहरुले उद्योग दर्ता गर्ने काम नगर्ने हुन सक्छ। |
| १.१.१.३ | स्थापित उद्योग सञ्चालनका लागि बीउँपूजीका लागि गाउँपालिकाले नेतृत्व लिने। | गाउँपालिका | तीन तहका सरकार | नियमित | अनुदान प्राप्त उद्योगहरु | २० | लगानी व्यवस्थापनमा कठिनाइ आउन सक्छ। |
| **कार्यनीति १.१.२ स्थानीय उद्योग सञ्चालनका लागि कच्चा पदार्थको व्यवस्थापनमा सघाउ पुऱ्याइने छ।** | | | | | | | |
| १.१.२.१ | स्थानीय स्रोत साधनको सदुपयोगका लागि सर्वपक्षिय समन्वयात्मक बैठक आयोजना | उद्योग शाखा | गाउँपालिका स्वयमले गर्ने | नियमित | समन्वयात्मक बैठक संख्या | विना बजेट | स्थानीय स्रोतको सदुपयोगमा नीतिगत वाधा आउन सक्छन |
| १.१.२.२ | उद्योग सञ्चालनको कच्चा पदार्थको व्यवस्थापनका लागि फिडर व्यवसायीहरु परिचालन गर्ने | कृषि, पशु, स्वास्थ्य, शिक्षा लागतका शाखा | गाउँपालिका स्वयमले गर्ने | नियमित | फिडर व्यवसायीहरुको संख्या | १५ | फिडर व्यवसायीहरुले गुणस्तरीय उत्पादन न गर्न सक्छन। |
| १.१.२.३ | फिडर व्यवसायीहरुको क्षमता अभिवृद्धि | उद्योग शाखा | गाउँपालिका | नियमित | तालिममा सहभागी | १५ | तालिमको आयोजना गर्न |

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय/ शाखा | सहयोगी निकाय / शाखा | समयावधि | कार्य सम्पादन सूचक | बजेट (लाखमा) | जोखिम |
|---|---|---|---|---|---|---|---|
| | गर्ने | | स्वयमले गर्ने | | फिडर व्यवसायी | | कठिनाइ हुन सक्छ। |
| **रणनीति १.२ : गुणस्तरीय उत्पादन र बजारीकरणमा सहयोग गर्ने** | | | | | | | |
| **कार्यनीति १.२.१ स्थानीय उद्योगीहरुलाई प्रविधि व्यवस्थापनमा सहयोग गरिनेछ।** | | | | | | | |
| १.२.१.१ | उद्योगीहरुका लागि उचित प्रविधि पहिचानमा सहयोग गर्ने | उद्योग शाखा | रोजगार शाखा | नियमित | पहिचान गरिएका प्रविधिहरुको सूची | विना बजेट | प्रविधि महँगो पहिचान हुन सक्छ |
| १.२.१.२ | उद्योगका लागि आवश्यक प्रविधि खरिद तथा ढुवानी | उद्योग शाखा | तीन तहका सरकारहरु | आवश्यकता अनुसार | खरीद गरिएका प्रविधिहरु | ५० | प्रविधि सञ्चालनमा विद्युत आपूर्त सहज नहुन सक्छ |
| १.२.१.३ | प्रविधि सञ्चालनमा सीपमुलक तालिम सञ्चालन | उद्योग शाखा | रोजगार शाखा र गाउँपालिका | नियमित | तालिममा सहभागी प्राविधिक | १६ | तालिम प्रशिक्षकको लागि बाहिरबाट व्यवस्थापन गर्ने |
| **कार्यनीति १.२.२ स्थानीय उद्योगहरुले उत्पादन गरेको उत्पादनको बजारीकरणमा सहयोग गरिनेछ।** | | | | | | | |
| १.२.२.१ | स्थानीय तथा राष्ट्रियस्तरमा गाउँपालिकामा उत्पादित वस्तुको बजारीकरणको सम्भावनाको पहिचान गर्ने | उद्योग शाखा | रोजगार शाखा र गाउँपालिका | नियमित | पहिचान भएका बजारीकरणका सम्भावनाहरु | विना बजेट | स्थानीय उत्पादनको कमि हुन सक्छ। |
| १.२.२.२ | स्थानीय उद्योगीहरुले उत्पादन गरेको उत्पादनको बजारीकरण सम्बन्धि उद्योग व्यवसायिहरुलाई तालिम सञ्चालन | उद्योग शाखा | गाउँपालिका | नियमित | तालिममा सहभागीहरु | १६ | तालिम प्रशिक्षक बाहिरबाट ल्याउँदा महँगो पर्न सक्छ |
| **रणनीतिक स्तम्भ दुई :** सीप विकास र प्राविधिक शिक्षाको सुनिश्चितता | | | | | | | |
| **रणनीति २.१ : स्थानीय जनशक्तिको अनौपचारिकरुपमा सीप विकास गर्ने** | | | | | | | |
| **कार्यनीति २.१.१ बेरोजगार स्थानीय जनशक्तिको अनौपचारिक तरिकाले सीप विकासका कार्यक्रम सञ्चालन गरिनेछ।** | | | | | | | |
| २.१.१.१ | सीपमुलक तालिम प्रदायक संस्थासँग समन्वय गर्ने | उद्योग शाखा | रोजगार शाखा | नियमित | रोजगार प्रदायक संस्थाहरु | विना बजेट | संस्थाहरु बाहिरबाट ल्याउनु पर्ने हुन सक्छ |
| २.१.१.२ | सीपमुलक तालिममा सहभागी हुन चाहने | उद्योग शाखा | रोजगार शाखा | नियमित | तालिमका | विना | तालिममा भत्ता आदिको |

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय/ शाखा | सहयोगी निकाय / शाखा | समयावधि | कार्य सम्पादन सूचक | बजेट (लाखमा) | जोखिम |
|---|---|---|---|---|---|---|---|
| | स्थानी व्यक्तिहरुको पहिचान गर्ने | | | | सहभागीहरु | बजेट | अपेक्षा हुन सक्छ |
| २.१.१.३ | स्थानीयस्तरमा आवश्यकता अनुसारका विषयवस्तुमा तालिम सञ्चालन | उद्योग शाखा | तीनै तहका सरकार | नियमित | तालिममा सहभागी व्यक्तिहरु | ७ | तालिम पश्चात उपयोगमा ल्याउने कमै हुन सक्छन |
| **कार्यनीति २.१.२ तालिमको सदुपयोगका लागि स्थानीय जनशक्तिलाई रोजगारमा आवद्ध गराउन पहल गरिनेछ ।** | | | | | | | |
| २.१.२.१ | सीपमुलक तालिम प्राप्त जनशक्तिको बेरोजगार तथ्याङ्क व्यवस्थापन | रोजगार शाखा | सबै सम्बन्धित शाखाहरु | नियमित | तथ्याङ्क विवरण | ५ | तथ्याङ्क नियमित अद्यावधिक गर्नु पर्ने हुन सक्छ |
| २.१.२.२ | रोजगारदाता र बेरोजगार जनशक्ति बिच समन्वय गराइ रोजगार व्यवस्थापन गर्ने | रोजगार शाखा | उद्योग शाखा | नियमित | रोजगारमा आवद्ध जनसंख्या | विना बजेट | रोजगारदाताको संख्या कम हुन सक्छ |
| **रणनीति २.२ औपचारिक शैक्षिक संस्थामा अध्ययनरत विद्यार्थीहरुलाई प्राविधिक/सीपमुलक शिक्षामा लगानी गर्ने** | | | | | | | |
| **कार्यनीति २.२.१ गाउँपालिकामा आवश्यकता अनुसार सिटिइभिटी मान्यता प्राप्त शैक्षिक संस्था विकास गर्दै जाने नीति लिइनेछ ।** | | | | | | | |
| २.२.१.१ | कक्षा ९–१२ सञ्चालित विद्यालयहरुमा प्राविधिक/सीपमुलक विषय सञ्चालन | शिक्षा शाखा | तीनै तहका सरकार | नियमित | प्राविधिक विषय सञ्चालित विद्यालय | ५० | प्राविधिक विषय सञ्चालनका लागि भौतिक संरचना निर्माणमा कठिनाइ हुन सक्छ |
| २.२.१.२ | प्राविधिक/सीपमुलक विषयको अध्ययन/अध्यापन गराउने | शिक्षा शाखा र सम्बन्धित शैक्षिक संस्था | तीनै तहका सरकार | नियमित | प्राविधिक विषय सञ्चालित विद्यालय | ५० | प्राविधिक/सीपमुलक विषय अध्यापन गराउने जनशक्तिको अभाव हुन सक्छ |
| **रणनीतिक स्तम्भ तीन :** समावेशी रोजगार पहुँच र सामाजिक न्याय प्रवर्द्धन | | | | | | | |
| **रणनीति ३.१ सामाजिक समावेशीकरणमा अभिमुखीकरण गर्ने** | | | | | | | |
| **कार्यनीति ३.१.१ समुदाय सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गरि समाजका सबै वर्गको क्षमता अभिवृद्धि गरिने छ ।** | | | | | | | |
| ३.१.१.१ | स्थानीय विभिन्न समूहका प्रतिनिधिहरुका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन | महिला तथा बालबालिका शाखा | गाउँपालिका | नियमित | तालिमका सहभागीहरु | ७ | तालिममा सहभागीहरुले भत्ता आदि खोज्न सक्छन । |

| क्र.सं. | क्रियाकलाप वा कार्यक्रम | जिम्मेवार निकाय/ शाखा | सहयोगी निकाय / शाखा | समयावधि | कार्य सम्पादन सूचक | बजेट (लाखमा) | जोखिम |
|---|---|---|---|---|---|---|---|
| ३.१.१.२ | सामाजिक समावेशीकरणमा क्षमता अभिवृद्धि तालिम सञ्चालन | महिला तथा बालबालिका शाखा | गाउँपालिका | नियमित | तालिमका सहभागीहरु | ५ | तालिममा सहभागीहरुले भत्ता आदि खोज्न सक्छन। |
| **कार्यनीति ३.१.२ पछाडि पारिएको वर्गको रोजगारीमा पहुँच सुनिश्चितता गरिनेछ** | | | | | | | |
| ३.१.२.१ | रोजगारदाताहरुका लागि प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने | रोजगार शाखा | गाउँपालिका | नियमित | प्रशिक्षणका सहभागीहरु | विना बजेट | रोजगारादाताहरु प्रशिक्षणमा चासो नदेखाउन सक्छन |
| ३.१.२.२ | पछाडि पारिएको वर्गको लागि बीउँपूजी सहयोग कार्यक्रम | आर्थिक शाखा | तीनै तहका सरकार | नियमित | बीउँपूजी प्राप्त गर्ने संख्या | १०० | सहलगानी आवश्यक पर्न सक्छ |
| **रणनीतिक स्तम्भ चार : नवप्रवर्तन, स्टार्टअप र स्वरोजगार प्रवर्द्धन** | | | | | | | |
| **रणनीति ४.१ नवप्रवर्तन केन्द्र स्थापना कार्यमा सहयोग गर्ने** | | | | | | | |
| **कार्यनीति ४.१.१ स्थानीयस्तरमा नवप्रवर्तन केन्द्र स्थापना गर्न चाहने युवा उद्यमीहरुलाई सहयोग गरिनेछ।** | | | | | | | |
| ४.१.१.१ | नवप्रवर्तनको क्षेत्रमा नविन सोच भएका युवाको क्षमता अभिवृद्धि गर्ने | सूचना तथा प्रविधि शाखा | रोजगार शाखा | नियमित | कार्यक्रममा सहभागी युवा | ५७ | नवप्रवर्तनका क्षेत्र सिमित हुन सक्छन |
| ४.१.१.२ | नवप्रवर्तनकारी उद्योगहरुका लागि आर्थिक सहयोग उपलब्ध गराउने | आर्थिक विकास शाखा | तीनै तहका सरकार | नियमित | आर्थिक सहयोग प्राप्त गर्ने उद्योगीहरु | ५० | सहलगानी अभाव हुन सक्छ |
| **कार्यनीति ४.१.२ नवप्रवर्तनकारी उद्योगहरु सञ्चालनका लागि स्थानीय पूर्वाधार विकासमा टेवा पुऱ्याइनेछ** | | | | | | | |
| ४.१.२.१ | हरेक वडामा राष्ट्रिय प्रशारण विद्युतको पहुँचको नियमितता गरिने | गाउँपालिका | तीनै तहका सरकार | नियमित | विद्युतको पहुँच भएका घरपरिवार | ५० | केन्द्र सरकारसँग नियमित अन्तरक्रिया गर्नु आवश्यक |
| ४.१.२.२ | सहजबजारीकरणका लागि यातायात पूर्वाधारको विकास गर्ने | पूर्वाधार विकास शाखा | तीनै तहका सरकार | नियमित | सहज यातायात सञ्चालित सडक | १०० | मौसमी सडकको स्तरोन्नती गर्न समय लाग्न सक्छ |

## ८.२ रोजगार रणनीतिक योजनाको परिमाणात्मक लक्ष्य

यस कुशे गाउँपालिकाको रोजगार रणनीति कार्यान्वयन पश्चात गाउँपालिमा देखिने सूचक सहितको उपलब्धिहरुको परिमाणात्मक लक्ष्य यस अनुसार तय गरिएको छ :

| क्र.सं. | नतिजा सूचक | एकाइ | आधार अङ्क | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ |
|---|---|---|---|---|---|---|---|---|
| १ | स्थापित साना तथा मझौला उद्योगको संख्या | संख्या | १० | १२ | १२ | १२ | १२ | १२ |
| २ | सीपमुलक तालिम प्राप्त युवाको संख्या | संख्या | १०० | १०४ | १०४ | १०४ | १०४ | १०४ |
| ३ | रोजगारीमा आवद्ध महिला, दलित, जनजाति संख्या | संख्या | २५० | २५६ | २५६ | २५६ | २५६ | २५६ |
| ४ | स्थापित स्टार्टअप उद्यमको संख्या | संख्या | २ | १० | १० | १० | १० | १० |
| ५ | स्थानीय उत्पादनको बजारीकरण भएका वस्तु संख्या | संख्या | ५ | १५ | १५ | १५ | १५ | १५ |
| ६ | प्रशिक्षित फिडर व्यवसायी संख्या | संख्या | २० | ३२ | ३२ | ३२ | ३२ | ३२ |
| ७ | स्थानीय नवप्रवर्तन परियोजना संख्या | संख्या | १ | १५ | १५ | १५ | १५ | १५ |
| ८ | सीप विकास तालिम सञ्चालित संस्था संख्या | संख्या | ३ | १९ | १९ | १९ | १९ | १९ |
| ९ | विद्युत पहुँच भएका घरपरिवारको संख्या | संख्या | ५०० | ५१८ | ५१८ | ५१८ | ५१८ | ५१८ |
| १० | प्राविधिक शिक्षा सञ्चालन भएका विद्यालय संख्या | संख्या | २ | २२ | २२ | २२ | २२ | २२ |
| ११ | रोजगार व्यवस्थापन गरिएका जनशक्ति संख्या | संख्या | ५० | ७२ | ७२ | ७२ | ७२ | ७२ |
| १२ | स्वरोजगारमा लागेका युवाहरुको संख्या | संख्या | ३० | ५४ | ५४ | ५४ | ५४ | ५४ |
| १३ | गाउँपालिकाबाट प्रमाणपत्र प्राप्त तालिम प्राप्त व्यक्ति | संख्या | १५० | १७६ | १७६ | १७६ | १७६ | १७६ |
| १४ | समावेशी रोजगार कार्यक्रमको संख्या | संख्या | ५ | ३३ | ३३ | ३३ | ३३ | ३३ |
| १५ | सीप आधारित महिला उद्यमको संख्या | संख्या | १० | ४० | ४० | ४० | ४० | ४० |
| १६ | स्थानीय कच्चा पदार्थ प्रयोग गरिएका उद्योग संख्या | संख्या | ८ | ४० | ४० | ४० | ४० | ४० |
| १७ | तालिम प्राप्त व्यक्तिको रोजगारमा आवद्धता प्रतिशत | % | ४० | ७४ | ७४ | ७४ | ७४ | ७४ |
| १८ | विदेशबाट फर्किएका सीपयुक्त युवाको संख्या | संख्या | २५ | ६१ | ६१ | ६१ | ६१ | ६१ |

| क्र.सं. | नतिजा सूचक | एकाइ | आधार अङ्क | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ |
|---|---|---|---|---|---|---|---|---|
| १९ | स्थानीयस्तरमा उत्पादित वस्तुको प्रकार संख्या | संख्या | १५ | ५३ | ५३ | ५३ | ५३ | ५३ |
| २० | सीप विकासका लागि आवद्ध तालिम प्रदायक संस्था | संख्या | ४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| २१ | समुदायमा सन्चालित उद्यम विकास कार्यक्रम | संख्या | ६ | ४८ | ४८ | ४८ | ४८ | ४८ |
| २२ | स्थानीय नवप्रवर्तनका लागि प्राप्त आर्थिक अनुदान | हजार रुपैयाँ | ५०० | ५४४ | ५४४ | ५४४ | ५४४ | ५४४ |
| २३ | युवाहरुको उद्यम दर्ता प्रक्रिया सहजीकरण संख्या | संख्या | १० | ५६ | ५६ | ५६ | ५६ | ५६ |
| २४ | उद्यमशीलता प्रवर्द्धन कार्यशालामा सहभागी संख्या | संख्या | १०० | १४८ | १४८ | १४८ | १४८ | १४८ |
| २५ | बजारसम्म पहुँच प्राप्त उद्योग संख्या | संख्या | २० | ७० | ७० | ७० | ७० | ७० |
| २६ | आन्तरिक रोजगारीमा वृद्धि प्रतिशत | % | ५ | ५७ | ५७ | ५७ | ५७ | ५७ |
| २७ | रोजगारी सम्बन्धि समन्वय बैठक संख्या | संख्या | १० | ६४ | ६४ | ६४ | ६४ | ६४ |
| २८ | सूचना तथा परामर्श प्राप्त व्यक्ति संख्या | संख्या | २०० | २५६ | २५६ | २५६ | २५६ | २५६ |
| २९ | रोजगारी विषयक अन्तरक्रिया कार्यक्रम संख्या | संख्या | ८ | ६६ | ६६ | ६६ | ६६ | ६६ |
| ३० | स्थानीय उत्पादनमा आधारित तालिम प्राप्त व्यक्तिहरू | संख्या | १२० | १८० | १८० | १८० | १८० | १८० |

## खण्ड-९ श्रोत परिचालन र बजेट व्यवस्थापन (Resource Mobilizations and Budget Management)

### ९.१ स्रोत परिचालनको खाका

कुशे गाउँपालिकाको रोजगार रणनीति कार्यान्वयनका लागि विविध स्रोतहरूको परिचालन र प्रभावकारी बजेट व्यवस्थापन अत्यावश्यक छ। स्थानीय स्रोत (कर, सेवा शुल्क), संघीय तथा प्रदेश सरकारका अनुदान, गैरसरकारी संस्था तथा विकास साझेदारहरूको सहयोग, निजी क्षेत्र तथा सहकारीसँगको सहकार्य, र समुदाय तथा लाभग्राहीको योगदान आदि स्रोत व्यवस्थापनका मुख्य स्रोत हुन्। यी स्रोतहरू मार्फत तालिम, उद्यमशीलता, नवप्रवर्तन, स्टार्टअप प्रवर्द्धन, महिला तथा विपन्न वर्गका लक्षित कार्यक्रमहरूमा लगानी गरिनेछ। बजेट विनियोजन SMART कार्ययोजना अनुसार गरिनेछ, जसले प्राथमिकता निर्धारण, दीगो परिणाम र प्रभावकारीता सुनिश्चित गर्दछ।

वार्षिक तथा बहुवर्षीय बजेट पूर्वानुमान बनाइ योजनाबद्ध रूपमा कार्य अघि बढाइनेछ भने अनुगमन, मूल्याङ्कन र सामाजिक लेखापरीक्षणका आधारमा आवश्यक बजेट समायोजन गरिनेछ। सार्वजनिक उत्तरदायित्व सुनिश्चित गर्न पारदर्शी लेखा प्रणाली, नियमित मूल्याङ्कन, समुदायसँगको संवाद, तथा योजना कार्यान्वयन समितिको सक्रियता जरुरी हुनेछ। यसरी स्रोत परिचालन र बजेट व्यवस्थापनको सशक्त संयोजनमार्फत रोजगारी रणनीतिको दीगो र समावेशी कार्यान्वयन सम्भव हुनेछ।

### ९.२ बजेट व्यवस्थापन योजना

यो रोजगार रणनीतिक योजना कार्यान्वयनका लागि कार्यक्रमगत बजेट निर्माण गर्दा प्रत्येक क्रियाकलापको लागत विश्लेषण (cost analysis) गरिनेछ र उपलब्ध स्रोतअनुसार कार्य प्राथमिकता निर्धारण गरिनेछ। अनुदानमा आधारित बजेटमात्र नभई, स्थानीय निजी क्षेत्र र सहकारीसँग सहकार्यमा दीर्घकालीन लगानी सुनिश्चित गरिनेछ। यहाँ हाललाई रणनीतिक स्तम्भको एकमुष्ट बजेट खाका प्रस्तुत गरिएको छ। कार्यान्वयनका क्रममा हरेक वर्ष कार्यान्वयन कार्ययोजना तयार गरि रणनीतिक योजना लागू गरिनेछ।

| **रणनीतिक स्तम्भ** | **आर्थिक वर्ष अनुसार बजेट (बजेट रकम रु. लाखमा )** | | | | | |
|---|---|---|---|---|---|---|
| | **२०८२/०८३** | **२०८३/०८४** | **२०८४/०८५** | **२०८५/०८६** | **२०८६/०८७** | **जम्मा** |
| रणनीतिक स्तम्भ १: साना तथा मझौला उद्योग/उद्यमशीलताको प्रवर्द्धन | २० | २५ | २७ | ३० | ३० | १३२ |
| रणनीतिक स्तम्भ २: सीप विकास र प्राविधिक शिक्षाको सुनिश्चितता | १५ | २० | २२ | २५ | ३० | ११२ |
| रणनीतिक स्तम्भ ३: समावेशी रोजगार पहुँच र सामाजिक न्याय प्रवर्द्धन | १५ | २० | २२ | २५ | ३० | ११२ |
| रणनीतिक स्तम्भ ४: नवप्रवर्तन, स्टार्टअप र स्वरोजगार प्रवर्द्धन | ५० | ५० | ५२ | ५० | ५५ | २५७ |
| **जम्मा बजेट** | **१००** | **११५** | **१२३** | **१३०** | **१४५** | **६१३** |

## खण्ड-१० रणनीतिक योजनाको निर्देशक समिति, अनुगमन र मूल्यांकन सम्बन्धी व्यवस्था (Steering Committee, Monitoring and Evaluation)

रोजगारी रणनीति प्रभावकारी कार्यान्वयनका लागि कुशे गाउँपालिकामा निर्देशक समिति, अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापना गरिनेछ । निर्देशक समिति गाउँपालिका अध्यक्षको संयोजकत्वमा गठित हुनेछ, जसमा सम्बन्धित शाखा प्रमुख, जनप्रतिनिधि, प्राविधिक कर्मचारी, निजी क्षेत्रका प्रतिनिधि, सहकारी तथा नागरिक समाजका सदस्यहरू सहभागी हुनेछन् । समितिको प्रमुख भूमिका योजना कार्यान्वयनको मार्गनिर्देशन, प्राथमिकता निर्धारण, स्रोत परिचालन, र कार्यको समन्वय गर्नु हुनेछ ।

अनुगमन र मूल्याङ्कन कार्य संयन्त्रमा नियमित प्रगति समीक्षा, क्षेत्रीय भ्रमण, सामाजिक लेखापरीक्षण र परिणाममा आधारित रिपोर्टिङ प्रणाली समावेश गरिनेछ । मूल्याङ्कन प्रक्रिया परिणामसूचक (SMART indicators) मा आधारित हुनेछ जसले कार्यक्रमको प्रभावकारिता र सुधारको आवश्यकता पहिचान गर्न सहयोग पुऱ्याउनेछ । यस प्रणालीले पारदर्शिता, जवाफदेहिता र दीगो सुधार सुनिश्चित गर्दै रणनीति सफल कार्यान्वयनतर्फ टेवा पुऱ्याउनेछ ।

### १०.१ रणनीतिक योजना कार्यान्वयका लागि निर्देशक समिति

| क्र.सं. | विवरण | पद |
|---|---|---|
| १ | गाउँपालिकाका अध्यक्ष | अध्यक्ष |
| २ | गाउँपालिकाका उपाध्यक्ष | सदस्य |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४ | गाउँ कार्यपालिका प्रमुखले तोकेका २ जना वडाध्यक्षहरु | सदस्य |
| ५ | उद्योग शाखा प्रमुख | सदस्य |
| ६ | रोजगारदाताहरु मध्येबाट एक जना मनोनित | सदस्य |
| ७ | रोजगार शाखा प्रमुख | सदस्य–सचिव |

### १०.२ अनुगमन तथा मूल्याङ्कन प्रणालीको संरचना

रोजगारी रणनीति प्रभावकारी कार्यान्वयनका लागि निर्देशक समिति तथा अनुगमन–मूल्याङ्कन संयन्त्रलाई सशक्तरुपमा परिचालन गरिनेछ । मूल्याङ्कनको लागि छुट्टै समिति गठन आवश्यक नपर्ने गरी, गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा पहिल्यै गठन भइसकेको मूल्याङ्कन समितिले नै सक्रिय रूपमा कार्य गर्नेछ । उक्त समिति नियमित प्रगति अनुगमन, सामाजिक लेखापरीक्षण, SMART सूचकका आधारमा परिणाम मूल्याङ्कन, प्रतिवेदन संकलन तथा सुझाव सुधार प्रक्रियामा सक्रिय रहनेछ । यस प्रणालीले योजनाको पारदर्शिता, जवाफदेहिता र निरन्तर सुधार सुनिश्चित गर्दै रोजगारी रणनीतिको प्रभावकारिता बढाउनेछ ।

## खण्ड-११ जोखिम व्यवस्थापन (Risk Management)

रोजगारी रणनीतिको सफल कार्यान्वयनका क्रममा विभिन्न आन्तरिक तथा बाह्य जोखिमहरूको सामना गर्नुपर्ने सम्भावना हुन्छ । यी जोखिमहरूको पूर्वानुमान, मूल्याङ्कन, न्यूनीकरण तथा समयमै नियन्त्रणका लागि स्पष्ट

रणनीति अपनाउनु आवश्यक हुन्छ । जोखिम व्यवस्थापन योजनाले रणनीतिक कार्यक्रमको स्थायित्व, लागत-प्रभावकारिता र परिणामको सुनिश्चितता प्रदान गर्दछ ।

**(क) जोखिम अनुमान**

कुशे गाउँपालिकाको रोजगार रणनीति कार्यान्वयनमा विविध प्रकारका जोखिम उत्पन्न हुन सक्छन् जसको पूर्व अनुमान अत्यावश्यक हुन्छ । प्रमुख जोखिममध्ये वित्तीय स्रोत अभाव, प्राविधिक जनशक्ति र तालिम प्रशिक्षकको कमी, योजनाको समन्वय अभाव, समावेशी पहुँचमा कमजोरी, पूर्वाधार तथा प्रविधिको सीमितता, र जलवायुजन्य वा प्राकृतिक विपद् प्रमुख देखिन्छन् । संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान ढिलाइ हुनु वा नआउनु, निजी क्षेत्र तथा अन्य लगानीकर्तासँग अपेक्षित सहकार्य नभएमा योजना कार्यान्वयनमा ढिलाइ हुन सक्छ । तालिम प्राप्त युवाको रोजगारमा समायोजन नहुनु वा उद्यमशीलता कार्यक्रममा सहभागीहरूको निरन्तरता नहुनु जस्ता सामाजिक तथा मनोवैज्ञानिक पक्षसमेत जोखिमका रूपमा देखा पर्न सक्छन् । त्यस्तै, महामारी, बाढी, पहिरोजस्ता प्राकृतिक जोखिमहरूले तालिम तथा उद्योग सञ्जालनमा प्रत्यक्ष असर पार्न सक्छ । यी जोखिमहरू पहिचान गरी त्यसको प्रभाव मूल्याङ्कन गर्नु रणनीतिक कार्यान्वयन सुरक्षाको पहिलो चरण हो ।

**(ख) जोखिम व्यवस्थापन**

रोजगार रणनीति सफल कार्यान्वयन गर्न पहिचान गरिएका जोखिमहरूको न्यूनीकरण तथा व्यवस्थापनका लागि सशक्त रणनीति आवश्यक हुन्छ । माथि उल्लेखित जोखिमहरुको व्यवस्थापनका लागि वैकल्पिक स्रोतको पहिचान, समन्वय समिति सशक्तीकरण र पूर्व तयारीमा जोड दिइनेछ । तालिम प्रशिक्षक, प्राविधिक जनशक्ति र उपकरणका लागि समयमै पूरक तयारी गरिनेछ । महिला, दलित, अपांगता भएका र विपन्न वर्गका लागि लक्षित बजेट र पहुँच सुनिश्चित गरिनेछ। पूर्वाधार अभावको सन्दर्भमा, विद्युत, यातायात तथा डिजिटल पहुँच सुधारलाई प्राथमिकता दिइनेछ । जोखिम संवेदनशील योजना निर्माण, नियमित प्रगति अनुगमन, र सामाजिक लेखापरीक्षणद्वारा पारदर्शिता कायम गरिनेछ । प्राकृतिक प्रकोप वा महामारीजस्ता आकस्मिक परिस्थितिमा तत्काल कार्यान्वयन समिति मातहत संकट प्रतिकृया संयन्त्र क्रियाशील हुनेछ । यसरी, पूर्वतयारी, बहु-पक्षीय सहकार्य र लचिलो कार्यप्रणालीमार्फत जोखिम न्यूनीकरण सम्भव हुनेछ, जसले रणनीतिक उद्देश्यलाई सुनिश्चितता दिनेछ ।

# अनुसूचीहरु